
# धर्मकीर्ति

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY



शान्ति नायक गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा पुनःनिर्माण हुनु अगाडिको माया देवी मन्दिर

वर्ष-२७, अङ्क-११ DHARMAKIRTI बु.सं. २५५३, होलि पुन्हि

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ ।

२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस् ।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू यथाशिघ्र समयमानै हामीलाई लेखी पठाउनु होस् ।

४. हामी तपाइँको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं ।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफै हुनेछ- सम्पादक मण्डल हुने छैन ।

## ■ विषय-सूचि ■


| क्रसं | विषय | लेखक | पेज नम्वर |
|---|---|---|---|
| १. | बुद्ध-वचन | - | १ |
| २. | सम्पादकीय- आध्यात्मिक उन्नति | - | २ |
| ३. | अहिंसामय यज्ञ | - सत्यनारायण गोयन्का | ३ |
| ४. | धम्मपद-२२९ | - रीना तुलाधर (बनिया) | ५ |
| ५. | अनन्त ज्योति-८ | - श्रद्धेय भिक्षु सिङ्ग युनका धर्मचिन्तन, अनु. देवकाजी शाक्य | ५ |
| ६. | बुद्धशासनको इतिहास-१७ | - भिक्षु अमृतानन्द | ६ |
| ७. | द्वेष र दुर्भावनायुक्त मनोरञ्जन | - त्रिरत्न मानन्धर | ८ |
| ८. | योग अभ्यास विधि-भाग ५५ | - डा. गोपाल प्रधान | १० |
| ९. | सन्यास | - नरेन्द्रनाथ भट्टराई | ११ |
| १०. | धार्मिक कार्यक्रम आयोजना हुनु, सरीक हुनु, उपदेश... | - शिशिल चित्रकार | १२ |
| ११. | ध्यान-ध्यान, के दिन्छ त्यो ध्यानले ? | - ओशो मैत्रेय | १४ |
| १२. | विपश्यना पछिको सञ्चिता | - लक्ष्मण सुवेदी | १६ |
| १३. | लाभ सत्कारया लँपु व निर्वाणया लँपु वहे मखु | - धम्मवती | १७ |
| १४. | नेल्सन लिसे मतिना यानागुया मू | - कृष्णमान श्रेष्ठ | १९ |
| १५. | पूजापाठ गर्दैमा मात्रै धर्म हुँदैन | - | २० |
| १६. | कस्तो अचम्मको हो यो मान्छे ! | - गणेश माली | २० |
| १७. | मांया मतिना | - प्रेमलक्ष्मी तुलाधर | २१ |
| १८. | खँग्व:त | - नविन चित्रकार | २१ |
| १९. | शुभ-अशुभ | - वीरेन्द्र श्रेष्ठ | २१ |
| २०. | धर्मकीर्ति विहार-गतिविधि | - | २२ |
| २१. | धर्म प्रचार-समाचार | - | २४ |


- धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु । छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागी त:धंगु तिब: ज्वीफु ।
- छि थ: ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ ।
- छिं थ:गु पस:, उद्योग, व्यापार, कार्यालयया बिया द्यूगु प्रत्येक विज्ञापन पत्रिकायात त:धंगु ग्वाहाली जूवनी ।
- धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय याय्‌गुली नं ग्वाहाली बीफु ।
- आसे धयादीमते, बिचा: याना दिसँ-. 'धर्मकीर्ति' यात बांलाकेत छिं गुकथं ग्वाहाली बिया दीफु ।

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
विद्यासागर रञ्जित
फोन: ४२५ ८१५५

व्यवस्थापकहरू
चिनीकाजी महर्जन
फोन: ४२५ ३१८२
ज्ञानेन्द्र महर्जन
फोन: ४२७६१०८

सह-व्यवस्थापक
ध्रुवरत्न स्थापित

सम्पादक
भिक्षुणी वीर्यवती
फोन: ४२५ ९४६६

प्रधान सम्पादक
भिक्षु अश्वघोष महास्थविर
४२५९११० (संघाराम विहार, ढल्को)

प्रकाशक र विशेष सल्लाहकार
भिक्षुणी धम्मवती
फोन ४२५ ९४६६

कार्यालय
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन ४२५ ९४६६

बुद्ध सम्वत् २५५३
नेपाल सम्वत् ११३०
इस्वी सम्वत् २०१०
बिक्रम सम्वत् २०६६

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | वा सो भन्दा बढी | |
| वार्षिक | रु. | ७५/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति
## (बौद्ध मासिक)
# THE DHARMAKIRTI
## A Buddhist Monthly


**28th FEBRUARY 2010**

वर्ष- २७ | अङ्क- ११ | होलि पुन्हि | फाल्गुण २०६६





वृध बुहने वित्तिकै विग्रिंदैन, त्यसरी नै पापको फल पनि पाप गर्ने वित्तिकै आउँदैन । मधुरो आगोले विस्तारै पोल्दै आए जस्तै मूर्खहरूलाई पनि पापको फलले विस्तारै पोल्दै ल्याउँछ ।

पाप कर्मको फल नआए सम्म मूर्खले आफूले गरेको पापलाई कस्तो जस्तै मीठो र रमाइलो मान्दै पाप कर्म गरिरहन्छ । जुन दिन पाप कर्मको फल भोग गर्नुपर्ने हुन्छ, त्यस दिन त्यो मूर्ख दु:खी बन्नु पर्नेछ ।

लाभ प्राप्त हुने मार्ग अर्कै छ । निर्वाण (मुक्ति, मानसिक सुख) प्राप्त हुने मार्ग अर्कै छ । भिक्षुहरूले बुद्ध शासनमा यस कारणलाई बुझी सत्कार, मान र पदवी प्राप्त गर्ने इच्छा नगरी एकान्त वास गर्ने चर्यालाई वृद्धि गर्नु पर्दछ ।

■ सम्पादकीय ■

# आध्यात्मिक उन्नति

सिद्धार्थ कुमारले बुद्धत्त्व प्राप्त गर्नु पहिले आध्यात्मिक ज्ञान लाभ गर्नका लागि ६ वर्ष सम्म प्रयत्न गर्नुभयो । तर पनि बोधिज्ञान लाभ गर्न असमर्थ हुनुभयो । पछि स्वतन्त्र चिन्तनले बोधिवृक्ष मुनि बस्नुभई आफ्नो मनस्थिति अध्ययन गर्न विपश्यना ध्यान अभ्यास गर्नुभयो । आध्यात्मिक उन्नति गर्नका लागि प्रयत्न गर्नुभयो । तब उहाँले आफ्नो मनभित्र लुकिराखेको पुरानो संस्कार पत्ता लगाउन सफल हुनुभयो । फलस्वरूप उहाँले आफ्नो मनभित्र लुकिरहेका विकार र विकृतिलाई निकालेर फालिदिनुभयो । अनि चित्त शुद्ध भएपछि मात्र उहाँले बोधिज्ञान लाभ गर्न सफल हुनुभयो ।

यसपछि ४५ वर्ष सम्म भगवान् बुद्धले आध्यात्मिक ज्ञान प्रचार गर्नुभयो । आध्यात्मिक उन्नति बिना मानिस असल मानिस बन्न सक्दैन भन्ने उहाँको ठहर हो । गौतम बुद्धले प्रचार गर्नु भएको शिक्षाको सार नै पाप कर्म नगरेर मात्र पुग्दैन पूण्य कर्म गरेर मात्र पनि पुग्दैन चित्त नै शुद्ध हुनुपर्दो रहेछ । भगवान् बुद्ध भन्नु हुन्छ- “आध्यात्मिक उन्नतिको लागि श्रद्धा बलियो हुनुपर्छ अर्थात् हृदय (मन) फुक्का हुनुपर्छ, संकुचित चित्त हुनु हुँदैन । घमण्ड र अहंकारी भावनालाई त्यागी धैर्य र सहनशीलता हुनु अत्यावश्यक छ । जहाँ धैर्य हुँदैन त्यहाँ सहनशीलता पनि हुन सक्दैन । अनि त्यस्तो अवस्थामा आध्यात्मिक उन्नतिको सम्भव नै हुँदैन ।

भगवान् बुद्ध भन्नुहुन्छ- धेरै पढेर लेखेर, धेरै भाषण मात्र गरेर हिंडे पनि ज्ञानलाई व्यवहारमा प्रयोग गर्न नसकेसम्म, आध्यात्मिक उन्नति गर्न नसकेसम्म त्यस मानिसको जीवनं अर्काको गाई चराएर दुध खान नपाउने गोठालोको जस्तै साररहीन र खोक्रो हुनेछ । बुद्धको यस कथनबाट प्रष्ट हुन्छ, विद्वान मात्र बनेर पुग्दैन, आध्यात्मिक ज्ञानको उन्नति पनि हुनुपर्दछ । विश्वास पात्र र कर्तव्य परायण व्यक्ति बन्न सक्नु पर्दछ । जसलें आध्यात्मिक ज्ञानको उन्नति गर्न सक्दछ, त्यस व्यक्तिले आफ्नो र अरूको भलो हुने कार्य गर्दछ । उसले आफ्नो बदनाम हुने र पछुताउनु पर्ने कार्य गर्दैन । आजभोली हरेक क्षेत्रमा चलिरहेको भ्रष्टाचार, बलात्कार, हत्या हिंसा र लुतपाट जस्ता कुकर्महरूको प्रमुख कारण नै आध्यात्मिक ज्ञानको अभाव हो । इर्ष्यालु, लोभी, लालचपन, महत्त्वाकांक्षी र झगडालु स्वभावको व्यक्ति बन्नु नै आध्यात्मिक, ज्ञान नहुनाको कारणले हो ।

त्यसैले आज हाम्रो नेपालले भोग्न परिरहेको अशान्ति अन्तरद्वन्द, परस्परको अविश्वास र स्वार्थी भावनाले व्याप्त दूषित वातावरणलाई हटाउन बुद्धले दिनुभएको सही शिक्षाको प्रचार एवं अभ्यास अत्यावश्यक भइसकेको छ । यस शिक्षाको अभ्यासले मात्र आध्यात्मिक ज्ञानको उदय हुनेछ । आध्यात्मिक सुख जस्तो साँचो सुख र मानसिक शान्तिलाई प्रार्थना, भक्ति र कामनाले मात्र प्राप्त गर्न सकिन्न ।



Downloaded from http://www.dhamma.digital

# अहिंसामय यज्ञ

■ सत्यनारायण गोयन्का

एक समय भगवान बुद्ध मगध प्रदेशको अंबलट्ठिक उद्यानमा विहार गरिरहनु भएको थियो । त्यस उद्यानको नजिकै खाणुमत नामक ब्राह्मण ग्राम थियो । यो ग्राम मगध नरेश बिम्बिसारले कूटदंत ब्राह्मणलाई उनको जीवन यापनको लागि प्रदान गरेको थियो । अत: ब्राह्मण कूटदंत धनवान थिए ।

त्यस समय ब्राह्मण कूटदंत एउटा ठूलो यज्ञ गर्ने तैयारीमा थिए । यज्ञमा बलि दिनका लागि सयौं गाईं, गोरू, बाखा, भेंडा आदि जम्मा गरिराखेका थिए । अंबलट्ठिकमा भगवान बस्नु भएको खबर पाएर उहाँलाई भेट्न कूटदंत त्यहाँ आए ।

भगवानले सम्यक सम्बोधि प्राप्त गर्नु भएको थियो । उहाँलाई पूर्वजन्मको स्मरण गर्ने विद्या प्राप्त थियो । यस विद्याको कारण अनेक पूर्वजन्मका घटनाहरू चलचित्र भैं हेर्न सक्नुहुन्थ्यो । पूर्वकालमा ब्राह्मणहरू कस्ता हुन्थे यसै विद्याको माध्यमबाट थाहापाउनु भएको थियो । पूर्वकालमा अहिंसामय यज्ञ कस्तो हुन्थ्यो भन्ने बारेमा बेला बेलामा चर्चा गर्नु हुन्थ्यो । पूर्वकालको सोह्र परिष्कार सहितको त्रिविध यज्ञको बारेमा ज्ञाता हुनु भएकोले पनि उहाँ प्रसिद्ध हुनु हुन्थ्यो । ब्राम्हण कूटदंतको घरमा महायज्ञको आयोजना थियो त्यसैले पूर्वकालको सोह्र परिष्कार सहित त्रिविध यज्ञ-संपदा **सोलसपरिक्खारा तिविधा यञ्ञसम्पदा** कसरी हुन्थ्यो भनेर आफ्नो जिज्ञासा भगवान समक्ष राखे ।

भगवानले पूरातन कालका महाप्रतापी महाराज महाविजित तथा उनका पण्डित र ब्राह्मण पूरोहितहरूका वार्ताको उदाहरण दिनुहुँदै विद्याचरणसम्पन्न चित्त द्वारा प्राचीन भारतमा हुने सोह्र परिष्कार सहितको त्रिविध यज्ञ सम्पदाको बारेमा सम्झाउनु भयो ।

पूर्व कालमा कोहि राजा बृहद यज्ञ सम्पन्न गर्न चाह्यो भने राजपुरोहितले रोक्दथ्यो यज्ञ गर्न राजपुरोहितको अनुमति चाहिन्थ्यो । यदि राज्यमा अराजकता भएमा, कुनै लूटपाट भएमा जनता असुरक्षित थान्दछन् यस्तो अवस्थामा यज्ञ गर्नु अनुकूल मानिदैंन र राजालाई यज्ञ गर्ने अनुमति दिदैनथ्यो ।

जुन देशमा भोको मानिस धेरै हुन्छन् तिनीहरूले खानको लागि लुटपाट गर्दछन्, राजदण्डको कुनै परवाह गर्दैनन् । एकातिर त्यस्तो गरीबी र अर्कोतिर भने राजा यश कीर्तिको लागि अथवा छिमेकी देशको राज्य जितेर आफ्नो साम्राज्य बढाउन वा शत्रु नाश गर्नको लागि यज्ञ गराउँछ भने यस्तो यज्ञलाई कसरी उचित भन्न सकिन्छ ? अत: ब्राह्मण पुरोहितले राजालाई पहिला यी लूटपाट बन्द गर्न आग्रह गऱ्यो राजाले जब अपराधीहरूलाई दण्ड दिएर देश निकाला आदि सजाँय दियो तब पुरोहितले फेरि रोक्यो । दण्डबाट अपराधीको सुधार हुँदैन । एक पटक दबिएर रहन्छ तर यस्तो अराजकता फेरि फेरि भईरहन्छ । हुन सक्छ यो भन्दा पनि अधिक हुन्छ त्यसलाई त सम्पूर्ण रुपले उन्मूलन गर्नु पर्छ । यसको लागि व्यावहारिक पाइला उठाउनु पर्दछ । यसको लागि यदि कोहि कृषिमा रूचि राख्छन् भने रोप्नको लागि बिऊ दिनु र बाली काट्ने बेला नहोऊञ्जेल सम्म खाना पानीको प्रवन्ध गर्नु । जसलाई ब्यापार गर्न इच्छुक छ उनीहरूलाई पर्याप्त मात्रामा पूँजी प्रदान गर्नु । जसलाई नोकरी गर्न मन छ उनीहरूलाई राज्यको तर्फबाट नोकरी दिएर भत्ता र तलब प्रदान गर्नु पर्छ । यस प्रकार मानिसहरू काम गर्न थाल्छन् र उत्पीडित हुँदैनन् । तिनीहरूको आयबाट राज्यको आयमा बृद्धि हुन्छ र देश पीडारहित, निष्कंटक र दुराचार रहित हुन्छ ।

**मनुस्सा मुदा मोदमाना उरे पुत्ते नच्चेन्ता अपारुतधरा मञ्ञे विहरन्ति** । (दी.नि. कूटदन्तसुत्त)

जनता हर्षित भएर प्रसन्न भएर आफ्ना बच्चाहरूलाई काखमा खेलाउँदै नचाउँदै घर खुल्ला छोडेर डुल्न थाल्यो भने देशमा सुरक्षा र निर्भय फैलिन्छ । देशमा भोको र बेरोजगारी भएन भने मात्र महायज्ञ गर्न अनुकूल हुन्छ ।

जब यस्तो सुखद र सुरक्षाको अवस्था आउँदछ तब मात्र पुरोहितले राजालाई महायज्ञ गर्ने सुझाव दिन्छ । परन्तु यज्ञको लागि अन्य आवश्यक अपेक्षाहरू पनि हुन्थे । यस्को स्पष्टीकरण पुरोहितले नै गर्दथे ।

त्यस समय महायज्ञ गर्नको लागि देशका महत्वपूर्ण चारवटा संगठनको अनुमति पाउनु पर्दथ्यो । जनपद तथा नगरका प्रमुख क्षत्रिय परिषद, अमात्य परिषद, ब्राह्मण परिषद तथा अन्य परिषदको अनुमति प्राप्त गर्नु पर्दथ्यो । यी चारै परिषदबाट अनुमति प्राप्त भएमा यज्ञलाई चार परिष्कार परिशुद्ध मानिन्थ्यो । यी चार परिषदको अनुमति प्राप्त भएन भने यज्ञ शुद्ध मानिन्दैनथ्यो । यसको अलावा यज्ञ गर्ने राजा आठ अंगले पूर्ण हुनु आवश्यक थियो ।

१) आमा र बाबु दुबैबाट सुजात हुनुपर्छ ।

२) सुन्दर र सुदर्शनीय हुनुपर्छ ।

३) शीलवान हुनुपर्छ ।
४) धन धान्य र कोष सम्पन्न हुनुपर्छ ।
५) बलवान सेना युक्त तेजस्वी र यशस्वी हुनुपर्छ ।
६) श्रद्धापूर्वक दान दिने हुनुपर्छ ।
७) बहुश्रुत र अर्थपूर्ण हुनुपर्छ ।
८) पण्डित हुनुपर्छ ।

राजाका यी आठ गुण यज्ञको आठ परिष्कार शुद्धि मानिन्छन् राजामा जस्तै यज्ञ गर्ने पूरोहितमा पनि निम्न चार प्रकारका योग्यता अथवा सद्गुण हुनु आवश्यक छ ।

१) आमा र बाबु दुबै तर्फबाट सुजात हुनुपर्छ ।
२) अध्यायक, मन्त्रधर र तीनवटा वेदमा पारंगत हुनुपर्छ ।
३) शीलवान हुनुपर्छ ।
४) मेधावी पण्डित हुनुपर्छ ।

पुरोहितका यी चारवटा गुण यज्ञको चार परिष्कार शुद्धि मानिन्छन् ।

यसरी यज्ञ १६ परिष्कारले शुद्ध र परिपूर्ण हुनु आवश्यक मानिन्छ । यस्तो आदर्श यज्ञले अन्य तीन नियम पूरा गर्नु पर्ने हुन्छ ।

१) यज्ञ केवल पितृ र देवताहरूलाई प्रसन्न गर्नका लागि मात्र होइन, राजाको तर्फबाट अन्य ब्राह्मणहरूलाई भरपूर दान दिने उद्देश्यले पनि गरिन्छ । अतः १६ परिष्कार शुद्ध हुनुका साथै राजालाई यी कुराहरू पनि सम्झाइन्छ कि राजाको मन यति धेरै धनराशि दान दिनु पूर्व, दान दिने समयमा र दान दिए पछि खिन्न नहोस्, प्रसन्नचित्त होस् ।
२) यस्ता यज्ञहरूमा प्रजाको तर्फबाट धेरै मानिसहरू सम्मिलित हुन्थे जसमध्ये कोही शीलसदाचारबाट परिपूर्ण हुन्थे भने कोही अपरिपूर्ण हुन्थे । यी शील विहीन मानिसहरूको प्रति अलिकति पनि मनमा द्वेष भाव उत्पन्न गर्नु हुँदैनथ्यो । जो सदाचारी छन् उनको प्रति मनमा मोद जगाई जो सदाचारी छैनन् तिनीहरू प्रति मनमा उपेक्षा भाव राख्नु पर्छ । त्यस समयमा यस्ता महायज्ञहरूमा, शुद्धयज्ञहरूमा गाई, भेंडा-बाखा आदि बली दिइदैनथ्यो । घ्यू, तेल, मखन, दही, कस्ती आदि द्वारा नै पूर्णआहुति दिने गर्थ्यो । नोकर-चाकर, दास-दासिहरूले अन्याय पूर्वक काम गराउँदैनथ्यो । उनीहरूले प्रसन्नपूर्वक, स्वेच्छापूर्वक सेवा गऱ्यो भने गऱ्यो अन्यथा कुनै कर थिएन ।
३) जनपद निगमहरूबाट आएका चार परिषदले पनि स्वेच्छाले चारै तिर यज्ञशाला स्थापित गरेर आफ्नो इच्छाले दान दिएर महायज्ञमा भागीदार हुन पाउँथे ।

यस प्रकार सम्पूर्ण रूपले अनुकूल परिस्थितिमा जुन यज्ञ हुन्थ्यो ती यज्ञ चार प्रकारका परिषदबाट अनुमति प्राप्त हुन्थ्यो । यज्ञ गर्ने राजा आठ अंगबाट परिपूर्ण हुन्थे । यज्ञ गर्ने ब्राह्मण पूरोहित चार प्रकारका अंगहरूबाट पूर्ण हुन्थे । यी सोह्र प्रकारका शुद्धिहरूका अतिरिक्त माथिका तीन प्रकारका नियमहरू पनि हुन्थे ।

यसरी पूर्वकालमा सोह्र परिष्कार अंगबाट पूर्ण त्रिविध यज्ञ हुन्थ्यो । जुन पूर्ण रुपले हिंसा-विहीन यज्ञ हुन्थ्यो । यसलाई सुनेर त्यहाँ उपस्थित ब्राह्मणहरूले उल्लास व्यक्त गर्दै भन्यो धन्य छ यस्तो यज्ञ, धन्य छ यस्तो यज्ञ सम्पदा ।

कूटदन्त आश्चर्य चकित भए, अवाह भएर हेरीरहे । मानौं भगवानले अरु कसैलाई सुनेको होइन आफैले देखेको, उहाँ स्वयं त्यस समयमा उपस्थित भएको झैं यज्ञको बारेमा बताइरहनु भएको थियो । भगवानले भन्नुभयो यी सारा धटनाहरू उनको पूर्वजन्ममा घटेका हुन् र त्यस समयको ब्राह्मण पूरोहित उहाँ स्वयं हुनुहुन्थ्यो ।

यो सुनेर ब्राह्मण कूटदन्त एकदम प्रभावित भए र उनले सोधे कि यो भन्दा पनि उच्च अन्य कुनै यज्ञ छ ? भगवानले प्रणीततर यज्ञको बारेमा व्याख्या गर्नु भयो जुन अधिक फलदायी र कम खर्चले पुग्दथ्यो । त्यस यज्ञको बारेमा भगवानले भन्नुभयो–

१) शीलवान गृहत्यागीहरूलाई नित्य दान दिनु
२) त्रिशरण यज्ञ
३) शिक्षापद यज्ञ
४) शील यज्ञ
५) समाधि यज्ञ
६) प्रज्ञा यज्ञ

यी यज्ञहरूको बारेमा भगवानले राम्ररी व्याख्या गर्नु भयो र भन्नुभयो– हे ब्राह्मण यस यज्ञ सम्पदा भन्दा उत्तरोत्तर र प्रणीततर अन्य कुनै यज्ञ-सम्पदा छैन । अर्थात् यही सर्वोत्तम यज्ञ-सम्पदा हो ।

ब्राह्मण कूटदन्त भगवानको वचन सुनेर अत्यन्त प्रभावित भए र भन्नथाले मैले यज्ञशालाका लागि बाँधिएका सम्पूर्ण पशुहरूलाई छोड्छु, मुक्त गरिदिन्छु । तिनीहरूलाई जीवन दान दिन्छु, तिनीहरूले हरियो घाँस खान पाउन्, शीतल पानी पिउन पाउन्, चिसो हावा लिन पाउन् ।

यस प्रकार कूटदन्त ब्राह्मण विद्याचरण सम्पन्न भगवानको आर्य धर्मदेशना सुनेर अनार्य धर्मको दुष्कर्मले दुषित हुनबाट बचे ।

*साभार- 'विपश्यना' मासिक, वर्ष १८, अङ्क २*



Downloaded from http://www.dhamma.digital

# धम्मपद - २२९

■ रीना तुलाधर (बनिया) *'परियत्ति सद्धम्म कोविद'*

**अलज्जिताये लज्जन्ति - लज्जिताये न लज्जरे**
**मिच्छादिट्ठिसमादाना - सत्ता गच्छन्ति दुग्गतिं**

*अर्थ-* लाज सर्म हुनुपर्ने ठाउँमा लाज नभईकन लाज मान्नुपर्ने कारण नभएको ठाउँमा लज्जा मान्ने मिथ्याधारण भएका सत्वहरु दुर्गतीमा पुग्छ ।

**अभये च भय दस्सिनो - भये चाभय दस्सिनो**
**मिच्छा विट्ठि समादान - सत्ता गच्छन्ति दुग्गतिं**

*अर्थ-* भय लिनुपर्ने ठाउँमा भय नलिईकन भय लिनु नपर्ने ठाउमा भय लिने मिथ्या धारण भएका सत्वहरू दुर्गतीमा जान सक्छ ।

*घटना-* उपरोक्त गाथा भगवान बुद्धले जेतवन विहारमा बस्नु हुँदा निर्गण्ठहरूको कारणमा भन्नु भएको थियो ।

एकदिन केही निर्गण्ठहरू आ-आफ्नो भिक्षा पात्रो कपडाले छोपी अगाडीतिर बोकिकन भिक्षा गइराखेका थिए । भिक्षुहरूले यो देखी आ-आफू बिच कुराकानी गरे- यी निर्गण्ठ साधुहरू अचेलक साधुहरू भन्दा त उत्तम देखिन्छ किनकि यिनीहरूले कमसेकम अगाडिको गुह्ये अङ्ग त छोपेर हिँडेको छ । अचेलक साधुहरू त पुरै नांगै हिँड्छन् ।"

भिक्षुहरूको यो टिप्पणी सुनेर निर्गण्ठ साधुहरूले भने- "हामीले लज्जा मानेर भिक्षा पात्रोलाई कपडाले छोपेर अगाडिको गुह्ये अंगलाई छोप्न खोजेको होइन । हामीले हाम्रो भोजनमा धूलो खस्ला भनेर कपडाले छोपेको किनकि धूलोमा पनि जीवितिन्द्रिय छ ।" एकछिन यही कुरामा भिक्षुहरू र निर्गण्ठ साधुहरुको बिचमा बहस भयो, वादविवाद भयो ।

भिक्षुहरूले विहारमा पुगेपछि यो कुरा भगवान बुद्ध समक्ष सुनाए । भगवान् बुद्धले भिक्षुहरू संग भन्नुभयो- "भिक्षुहरू ती साधुहरू जो आफ्नो शरीरको गुह्ये अङ्गमात्र नदेख्ने गरी हिँड्छ, तिनीहरू लजाउनु पर्ने कुरामा लजाउँदैनन् । लजाउनु नपर्ने कुरामा लजाउँछन् । तिनीहरूको यस्तै मिथ्या धारणाको कारणले सत्वहरू दुर्गतीमा जान सक्छ ।"

यसरी आज्ञा भई भगवान् बुद्धले उपरोक्त गाथा भन्नु भयो । ■

# अनन्त ज्योति: - ८

**श्रद्धेय भिक्षु सिङ्ग युनका धर्मचिन्तन**

**अनुवाद- देवकाजी शाक्य**

७३

- साहसिलो भएर व्यवहार गर ।
- परिकल्पना सहित दृष्टि लिएर व्यवसाय गर ।
- समाजप्रतिको दायित्व आफ्नो काँधमा सम्हाल ।
- संधै सद्अभ्यास गर ।

७४

- कोमलता सहित दिएको प्रोत्साहनले मानिसहरूलाई अघि बढाउँछ ।
- सहिष्णुता र समझदारी घनिष्ट मित्रहरू हुन् ।

७५

- जटिल मामला विषयहरूमा डराउनु हुँदैन । ती मामिलाहरूलाई सरलीकरण गर ।
- गलत कुराहरूमा तर्क वितर्क नगर: गल्तीलाई सही बनाऊ ।
- विवेकशील र निष्कलंकित बन ।
- सत्यलाई बुझ्न कारण परिणामको नियम अनुसंरण गर ।

७६

- शान्त चित्तले संसारको सामना गर ।
- चित्तमा प्रसन्नता बोकेर प्रतिकूल परिस्थितिलाई स्वीकार ।
- अरूलाई सेवा गर्न चित्तमा उच्च भावना जगाऊ ।
- कृतज्ञ मनले समाजको ऋण चुक्ता गर ।

७७

- एकताले सद्भावनातिर डोऱ्याउँछ ।
- सद्भावनाको लागि ऐक्यबद्धता जरूरी छ ।
- आफ्ना कार्यहरू सम्पन्न गर्न तिमी अरूलाई सहयोग गर ।
- अरूहरूका सहयोगले तिम्रो काम सुचारू रूपले गर्न सघाउ पुग्छ ।

७८

- दैनिकी तिम्रो जीवनको नक्सा हो ।
- दैनिकी तिम्रो उन्नतीको चित्र हो ।
- दैनिकी तिम्रो अनुभवको अभिलेख हो ।
- दैनिकी तिम्रो विगतको इतिहास हो ।

*क्रमश:*

# बुद्ध शासनको इतिहास–१७

■ भिक्षु अमृतानन्द

## अशोकको परित्याग

एक दिन अशोक राजाले हजारौं भिक्षुहरूलाई भोजन गराई सकेपछि भिक्षु संघसित यसरी प्रश्न गरे– "भन्ते ! भगवानले देशना गरी राख्नु भएको धर्म कति छ ?"

"महाराज ! अंगको हिसाबले ९ (नौ)✢ छ । स्कन्धको हिसाबले ८४००० (चौरासी हजार) छन्★ !"

संघको यो कुरा सुनेर राजाले एक एक धर्मस्कन्धलाई एक एक विहार बनाई पूजा गर्ने मनमा राखे । एक दिन राजाले ९६००००००० (छ्य्यानब्बे करोड) धन पर सारी मन्त्रीहरूलाई आज्ञा दिनु भयो कि ८४ हजार नगरमा विहार तयार गर । यति आज्ञा दिएर अशोक राजाले स्वयं पाटलिपुत्रमा अशोकाराम महाविहार बनाउन शुरू गरे । विहार बनाउने कार्यभार संघकोतर्फबाट महान ऋद्धिवान इन्द्रगुप्त क्षीणास्रव महास्थविरलाई दिए । उनी महास्थविरले आवश्यक ठाउँमा आफ्नो ऋद्धि द्वारा पनि काम चलाए ।

तीन वर्षपछि सबै ठाउँमा 'विहार सम्पन्न भयो' भनी एकैचोटि पत्र आए । मन्त्रीले यो समाचार राजाकहाँ विन्ति चढाए । राजा प्रसन्न भएर "त्यसो भए आजको आठ दिनमा सबै ठाउँमा विहारोत्सव हुनेछ । नगरको भित्र र बाहिर बसेका सम्पूर्ण जनताहरूले अष्टशील ग्रहण गरी भव्य रूपले उत्सव गर्नुपर्छ✱ भनी झ्यालि पिटाउ" भनी आज्ञा गरे । आठौ दिनमा दिव्य लोक जस्तै सजाई राखेको पाटलिपुत्र नगरमा अष्टशील धारण गरेका जनताहरू सबै अशोकाराम विहारमा जम्मा भए । भिक्षुहरू पनि लाखौं जम्मा भए । क्षीणास्रव भिक्षुहरू मात्र पनि एकलाख लगभग उपस्थित थिए❑ । अशोक राजा पनि राजपरिवार सहित चतुरंगिनी सेना✼ लिएर अशोकाराममा प्रस्थान गरे ।

यस महासम्मेलन देखेर भिक्षु संघको मनमा यस्तो भयो "यदि यसबेला अशोक राजाले आफूले गरेको महान कार्य देख्न पाए राजा बुद्ध शासनमा अति प्रसन्न हुनेछ ।" भन्ने विचार गरेर "लोकविवरण"◆ भन्ने प्रातिहार्य देखाई दिए । अशोकाराममा बसेका राजाले सम्पूर्ण जम्बूद्वीपका चैत्य गुणस्मारक पूजनीय विषद, कुनै मूर्ति नभएको, धानको थुप्रोको आकार र घण्टाको आकार भएको चैत्य सहित मनपराउँदा किसिमको चौरासी हजार (८४०००) भिक्षुहरू बस्ने विहार देखे । सबै ठाउँमा उत्सव भइरहेको पनि देखे । यो अद्भूत दृश्यलाई देखेर राजा साँच्चिकै खुशी भए । कतिसम्म खुशि भए भने बुद्ध शासनको कारण मैले जस्तो विशाल धनसम्पत्ति परित्याग अरू कसले गऱ्यो होला भन्ने समेत विचार गरे । अनि राजाले संघमा प्रश्न गरे– "भन्ते ! के हाम्रो तथागतको शासनमा यसरी धन परित्याग गर्ने अरू कोही छ कि ?"

यो प्रश्नको उत्तर दिने अभिभार त्यसबखत हजारौं संघको नेता वयोवृद्ध हुनु भएका, प्रतिसम्भिदा लाभि, महाक्षीणास्रव मोद्गलिपुत्र तिष्य **"मोग्गलिपुत्र तिस्स"** महास्थविरलाई दिए । मोद्गलिपुत्र तिष्य महास्थविरको शिष्य परम्परा देखि आएको विनयधर शिष्य हुन् । वहाँको उपाध्याय सिग्गव महास्थविर, आचार्य चन्दवज्जित महास्थविर हुनुहुन्छ । उपालि महास्थविरको परम्पराबाट आएका आचार्यहरू यसप्रकार हुन्–

भगवानको शिष्य उपालि महास्थविर, उपालि महास्थवीरको शिष्य दासक महास्थविर, दासक महास्थविरको शिष्य सोनक महास्थविर, सोनक महास्थविरको शिष्य सिग्गव र चन्दवज्जि महास्थविर, सिग्गव महास्थविरको शिष्य मोग्गलिपुत्त तिस्स महास्थविर । तसर्थ भनेको छ–

**'उपालि दासको चेव सोनको सिग्गवो तथा ।**
**तिस्सो मोग्गलिपुत्तो च पञ्चेते विजि ताविनो ॥**
**परम्परा विनयं दीपे जम्बु सिरिव्हये ।**
**अच्छिज्जमानं आनेसुं ततियो याव संग हो▼ ।**

✢ हेर्नुस् लेखकको धम्मपदस्ककथा, बोधिनि पृ. ३५

★ चौरासी धर्मस्कनध मध्ये अभिधर्म पिटकमा (४२०००), धर्मस्कन्ध सूत्रपीटकमा (२१०००), धर्मस्कन्ध र विनय पिटकमा (२१०००) धर्मस्कन्ध छन् । - त्रिपिटक परिक्षा पृ. १०

✱ सब्बे अट्ठसीलंगानि समादियित्वा अन्तो नगरे च बहि नगरे च विहारमह. पटिपादे.तूति । - समन्तपासादिका पृ.२८

❑ तत्थ खीणासव भिक्खू येव सतसहस्स संखा अहेसु । - समन्तपासादिका पृ. १७

✼ हेर्नुस् लेखकको धम्मपदठटकथा,बोधिनी पृ.१७

◆ सम्पूर्ण भूमि समान रुपले फैलिएर वेखिने ऋद्धि । - सारत्थदीपनी पृ. ११२

▼ समन्तपासादिका पृ. १८



Downloaded from http://www.dhamma.digital

संघको अनुमति प्राप्त भएपछि मौद्गलिपुत्र तिष्य महास्थविरले अशोकराजालाई यसो भने– “महाराज ! यथार्थमा बुद्ध शासनको निम्ति तपाईले जस्तो धनपरित्याग बुद्धकालमा पनि कसैले गरेको थिएन ।” महास्थविरको यी उत्तर सुनेर राजा अति प्रसन्न भयो । साथै मनमा यस्तो विचार गरे– “मैले ज़स्तो शासनको निम्ति धन परित्याग अरू कसैले गरेको रहेनछ । मेरो परित्याग महान छ । मेरो महान परित्याग द्वारा शासन चिरस्थाई हुने छन् । तसर्थ म बुद्धको शासनको अंश्याहारी (=दायाद प्राप्त गर्नु) हुं, अर्थात् बुद्ध शासनको नजीकको साखै आफन्त हुं ।”

यति विचार गरीसकेपछि अशोक राजाले आफ्नो मनको शंका निवारणार्थ भिक्षु संघमा प्रश्न गरे– “भन्ते संघ ! यस्तो भएपछि म शासनको अंश्याहारी भएन त ?”❀

“महाराज ! यथार्थमा भनौं भने यत्तिले तपाईं शासनको अंश्याहारी भएको छैन । तपाईंत केवल एक प्रत्यय दायक मात्र हुनु हुन्छ । यति त के पृथ्वीदेखि ब्रह्मलोकसम्म प्रत्यय (दान द्रब्य) भनेर परित्याग गरे पनि शासनको अंश्याहारी हुँदैन ।

यो कुरा सुनेर राजाको मन खिन्न भयो अनि राजाले सोधे “त्यसो भए कसो गरेदेखि शासनको अंश्याहारी हुन पाउँला त ?” “महाराज ! जसले आफ्नो औरस पुत्रलाई शासनमा प्रव्रजित गर्ला, त्यो व्यक्ति चाहे गरीव होस् चाहे धनी शासनको अंश्याहारी हुनेछ✱ ।

किनभने संघपरम्परा नै मात्र तथागतको शासन चिरस्थाई हुन्छ सिवाय अन्यथा हुन सकिंदैन, महाराज ! अतएव यस्तो व्यक्तिलाईनै मात्र शासनको साक्खै आफन्त पनि भन्छन् अंश्याहारी पनि भन्छन् ।

## महेन्द्र र संघमित्राको प्रव्रज्या

मौद्गलिपुत्र तिष्य महास्थविरको कुरा सुनेर अशोक राजाले विचार गरेकि अब मैले कसलाई प्रव्रजित गरेर शासनको अंश्याहारी हुन सकुंला । यति विचार गरेर सभामा हेर्दा महेन्द्र राजकुमार देखेर त्यसलाई प्रव्रजित गर्ने विचार गरे । फेरि प्रश्न आयो कि तिष्य युवराज आफ्नो भाई हजारौं महाजनहरूको साथै प्रव्रजित भएपछि महेन्द्र कुमारलाई युवराज पददिने मनमा निश्चय गरी राखेको । राजा एक घण्टा जति घुरेर अन्तमा प्रियपुत्र महेन्द्र राजकुमारलाई युवराज पदमा राख्नुभन्दा भिक्षु भावमा राख्नुमा श्रेष्ठतर देखे । फेरि महेन्द्रको अनुमति पनि वाञ्छनीय भएको हुँदा राजाले पहिले सभामध्यमा आफ्नो सन्मुख बसी रहेका भद्रमुखी राजकुमारसंग यसरी सोधे–

“प्रिय पुत्र ! के तिमी प्रव्रजित हुन सक्छौं ?”

महेन्द्र कुमार बालखै देखि अहिंसक तथा सदाचार प्रेमी । अशोकको हिंसादि क्रूर कार्य देखेर राज्यभोगमा उत्तिको आशा थिएन ।

फेरि काका तिष्य युवराज प्रव्रजित भएदेखि आफूपनि प्रव्रजित हुने ईच्छा गरी राखेका । अतएव पिता अशोकराजाको प्रश्न त त्यसलाई भोकाएको व्यक्तिलाई खाना जस्तै भयो । अनि के चाहियो महेन्द्रको मनमा कमल फुल्यो पितालाई यसरी उत्तर दियो– “किन नसक्नु महाराज ! सक्छु, यदि हजुरको राजी भए म आजै प्रव्रजित हुन्छु । मलाई प्रव्रजित गरेर हजुर शासनको अंश्याहारी हुनु हवस् ।”

राजालाई यो कुरा “ढुगा खोज्दा द्यौता” पाएझैं भयो । त्यसबेला संघमित्राको स्वामी अग्नि ब्राह्मण नामक अशोक राजाका जुवाई पनि तिश्य युवराजसंगै नै प्रव्रजित भइसकेको थियो▲ अशोक राजाले आफ्नो सन्मुख बसेकी संघमित्रालाई पनि “प्रव्रजित हुने इच्छा छ कि” भनी सोधे । संघमित्राले पनि इच्छा छ भने । संघमित्राको सुमन नामको एक पुत्र थियो जुन पछि प्रव्रजित भएर महेन्द्र महास्थविर संगै धर्मप्रचार गर्न लङ्कामा गए● ।

छोरा छोरी दुवै जनाबाट सन्तोषजनक उत्तर सुनेर पछि राजा खुसि भएर संघमा यसरी निवेदन गरे– भन्ते संघ ! करूणापूर्वक यी राजकुमार र राजकुमारीहरूलाई प्रव्रज्या गरेर मलाई शासनको अंश्याहारी तुल्याई दिनु हवस् ।”

*क्रमशः*

❀ “भवोमि नुखो अह भन्ते सासनस्स दायादोति” - समन्तपासादिका पृ. २८

✱ यो हि कोचि महाराज अड्ढो वा दलिद्दो वा अन्ततो ओरसं पुत्तं पब्बाजेति, अयं वुच्चति महाराज दायको सासनस्सति । - समन्तपासादिका पृ. २९

▲ अशोक अभिषेकले चौथो वर्षमा तिष्य युवराज प्रव्रजित भएको थियो । - महावंश ५/१७३,समन्तपासादिका पृ. ३२

● समन्तपासादिका पृ. २९, ३२; महावंश ५/१७०-७२

# द्वेष र दुर्भावना युक्त मनोरञ्जन

■ त्रिरत्न मानन्धर 'सद्धम्म कोविद'

आधुनिक जीवनमा मानिसहरू विभिन्न प्रकारका तनावहरूको सामना गर्न बाध्य छन्। ती तनावहरू हटाउन र मेटाउन क्षणभर भएपनि आफ्नो मनलाई अरूनै विषयमा केन्द्रित गर्न कुनैन कुनै मनोरञ्जनमा आफुलाई डुबुल्की लगाउन पुग्छन्। मनोरञ्जनको नाउंमा विभिन्न प्रकारका सुविधाहरू उपलव्ध आधुनिक समाजका आफुलाई मनपर्ने मनोरञ्जनका कार्यकलापहरूमा मानिसहरू सम्मिलित हुन पुग्छन्।

समयको परिवर्तन संगै मनोरञ्जनका विषयहरूपनि फरक फरक हुँदै आईरहेको हामी देख्छौं। पुरानो जमानामा सीमित रूपमा मात्र मनोरञ्जनका सामग्रीहरू थिए। त्यसबेलाका राजा महाराजाहरू शिकार खेल्ने, नर्तकीहरूको नाच हेर्ने आदि मनोरञ्जनकार्यमा व्यस्त हुन्थे भने सामान्य नागरिकहरू विभिन्न चांड पर्वमा हर्ष उल्लासका साथ नाच गान तथा उत्सबमा भाग लिन्थे।

तर आधुनिक समाजमा विभिन्न प्रविधिहरूको विकासले नयाँ नयाँ किसिमका मनोरञ्जनका सामग्रीहरू उपलव्ध भईरहेकाछन र आफुलाई उपयुक्त र मनपर्ने माध्यमहरूबाट मानिसहरू मनोरञ्जन गर्दछन्। नाच गान, भोज भटेर, चाँडपर्व, पिकनिक का साथै आजकाल विद्युतिय माध्यमका विभिन्न मनोरञ्जनका साधनहरूको रूपमा सिनेमा, टिभी, भिडियो, कम्प्युटर आदि प्रशस्तसामानहरू उपलव्ध छन्।

यिनिहरूमध्ये आजकाल मानिसहरूले धेरै जसो मनोरञ्जनको रूपमा विभिन्न च्यानलबाट सर्वसुलभ रुपमा उपलव्ध हुने विधिन्न भाषाका फिल्म तथा सिरियलहरूको अवलोकनबाट समय व्यतीत गर्न पुग्छन्। ती फिल्महरू विभिन्न पृष्ठभुमीमा तयार गरिने र विशेष रूपले युवा युवतिहरूलाई केन्द्र विन्दु बनाएर निर्माण गरिएको हुन्छ। धेरै पैसा लगानी गरी निर्माण गरिने त्यस्ता कथानक चलचित्रहरू सकेसम्म हिट हौस् भन्ने उद्देश्यले जनचाहना र विशेषरूपले युवाहरूको चाहना बमोजिम निर्माण भईर हेको हुन्छ।

जनचाहना बमोजिम भनेर बनाइने आजकाल धेरै जसो फिल्महरू प्रेम संग सम्बन्धित, यौन तथा हिंसा संग सम्बन्धित फिल्महरू हुन्छन्। मानिसहरूले रूचाउने र हिटहुने हुनाले त्यस्ता फिल्महरूको निर्माण र प्रदर्शन निरन्तर हुँदैछन्। विभिन्न कथामा आधारित त्यस्ता फिल्महरूमा प्रेम प्रदर्शन, यौनजन्य कार्यकलापहरू तथा हिंसायुक्त दृश्यलाई अनावश्यक रूपमा बढाई चढाई गरेर दर्शकहरूलाई पस्किन्छन्। यस्ता विभिन्न दृश्यहरू जो सामान्यत मानिसहरू रमाईलो मानेर अवलोकन गर्दछन, त्यसले चित्तलाई उत्तेजित गर्ने विकृत गर्ने र पथभ्रस्त गर्ने हुन्छन्।

यस्तै टिभीका विभिन्न उत्तेजक च्यानलहरू जो निश्चित आयु वर्गकालागि मात्र उपयुक्त हुन्छन्, त्यसलाई खुल्लमखुल्ला प्रदर्शन गरिरहेको हुन्छन् भने ईन्टरनेटमा विभिन्न त्यस्ता दृश्यहरू राखेका हुन्छन्। जसबाट मानिसहरूलाई पथभ्रष्ट बनाईरहेको हुन्छ।

यस्ता दृश्यहरूको अधिक अवलोकनबाट मानिसहरूमा व्देष र दुर्भावना उत्पन्न हुने त्यस दृश्य कृतिम घटना हुन् भनेर थाहा भएपनि त्यसप्रतिको उपादानले राग व्देष, मोह: आदि मनोविकार उत्पन्न गरिरहेका हुन्छन् जसले मानिसहरूलाई थाहै नपाउने गरि तनावयुक्त पारिरहेको हुन्छ।

मनोरञ्जनको नाउंमा मानिसहरूलाई थाहै नपाउने गरि उत्तेजित गर्दछ, तनाव उत्पन्न गराएर शरीर र मनलाई थकित पारिरहेको हुन्छ भन्ने कुरा एउटा कथानक फिल्मको उदाहरणबाट स्पष्ट प्रस्तुत गर्न सकिन्छ।

सामान्यत आजकालका कथानक चलचित्रहरू हिंसायुक्त हुन्छन्। हिंसायुक्त फिल्मको शुरूमा खलनायक व्दारा नायक पक्षका मानिसहरूलाई विभिन्न तवरले शोषण दमन, पिडा तथा हिंसा गरेको कुरा देखाइन्छ। नायकलाई पनि विभिन्न तवरले दुख, यातना दिने कार्य गर्दछ। त्यस दृश्यको कारणले त्यस खलनायक प्रति आम दर्शकहरूको मनमा बदलाको भावना उत्पन्न गराउँदछ। चरमरूपले पीडा दिने खलनायकले गरेको कार्यकलापको कारणले नायकमा बदलाको भावना उत्पन्न गराँउछ। दर्शकहरूमा पनि त्यस खलनायक प्रति व्देष उत्पन्न गराउने हुन्छ। पछि नायकले त्यस खलनायकलाई जसरी पीडा दिएको हो त्यस्तै गरेर बदला लिन्छन्। त्यस खलनायकसंग लिएको बदलालाई दर्शकहरूले बडो मनमा हर्षपुर्वक समर्थन गरी तालि बजाएर समर्थन जनाउँछन्। उसले गरेका विभिन्न कुकृत्यहरूलाई फ्लैस ब्याकमा देखाएर उसलाई नायकले बदलास्वरूप दिईरहेको दुख, पिडा तथा हत्याको दृश्यलाई न्यायीकरण हुने गरी प्रस्तुत गरीरहेको प्रति ताली बजाएर समर्थन गरिरहेको हुन्छ र न्यायोचित ठानिरहेको हुन्छ।

यस्तै कुनै प्रेमको दृश्यहरूमा नायक नायिकाहरूले प्रेम प्रदर्शन गर्ने क्रममा विभिन्न यौनजन्य कृयाकलाप-हरू मार्फत दर्शकहरूको यौन भावनालाई भड्काउने काम गर्दछ। त्यस्तै कुनै हरर फिल्म छ भने विभिन्न दृश्यहरूले दर्शकहरूलाई तर्साउने काम गरिरहेका हुन्छन्। यसरी



Downloaded from http://www.dhamma.digital

मानिसहरू मनोरञ्जनको रूपमा हिंसक भावना मनमा बुद्धिहुने दृश्य हेरेर प्रेम तथा यौन जन्य कार्यकलापहरू बाट उत्तेजित भएर तथा तर्सिने र रोमाञ्चित हुने दृश्यहरू हेरेर मनोरञ्जन लिइरहेका हुन्छन् । त्यस्ता फिल्म पश्चात् मानिसहरूको मन हलुका हुनुको साटो एक किसिमले गर्न्हौं र भारिपन भएको महसुस हुन्छन् । तर यसलाई नै मानिसहरू मनोरञ्जनको रूपमा उपभोग गरिरहेको हुन्छन् । काल्पनिक दृश्यको रूपमा देखाएका ती दृश्यहरूबाट चित्तमा रीस, राग, हिंसा, यौनभावनाआदि विभिन्न अकुशल चेतनाको संग्रह हुन पुग्छन र सांच्चै भन्ने हो भने मन हलुको हुनु भन्दा गहुँगो हुन्छन् । शान्त भन्दा अशान्त हुन्छन् । यस्ता विभिन्न दृश्यहरूलाई परिभोग गरिसकेपछि मानिसहरूमा विभिन्न किसिमले कठोरता उत्पन्न हुन्छन् । चित्त जटिल बन्न यसले मद्दत गर्दछ जसले गर्दा चित्त अशान्त भईरहन्छ ।

शरीरको लागि खाद्यबस्तु खाना भएजस्तै चित्तको लागि खाना भनेको चेतसिक वा मनोवृत्तिलाई लिइन्छ भने २/३ घण्टा पर्दामा देखापरेका घटनाहरूलाई चित्तले स्वादलिने क्रममा आफ्नो चित्तलाई एक किसिमले विक्षिप्त पार्ने चेतसिक (खाना) उपभोग गरिरहेको हुन्छन् । चित्तमा विभिन्न प्रकारका अशोभन चेतसिकलाई उत्पन्न गरेर मनोरञ्जन लिइरहेका हुन्छन् ।

हुनत एउटा फिल्मको कथाको मुख्य उद्देश्य राम्रो गर्नेको अन्तमा भलो हुने र नराम्रो गर्नेको पतन हुने सन्देश देखाईरहेको हुन्छ । तर विभिन्न कथाको पृष्ठभुमीमा विभिन्न मसलाहरूको रूपमा प्रयोग हुने हिंसाजन्य क्रियाक्लापहरूलाई मानिसहरूले बास्तविक जीवनमा नक्कल गर्दछ र समाजमा त्यस्तै घटनाहरू नक्कल गर्न पुग्छन् ।

फिल्ममा देखाउने प्रेम प्रसंगको कुरालाई पनि यौनजन्य क्रियाकलापहरू समेटेर प्रदर्शन गर्दछन् । त्यस्ता फिल्महरू हिट हुने भएकोले बारंबार त्यस्तै फिल्महरूको बाढि आईरहेको हुन्छ जसले कलिला केटाकेटीहरूमा नकारात्मक भावना उत्पन्न गर्दछन् र प्रेमको कारणले परिवार तथा समाज संग अलग्ग हुन पुग्छन् र केहि गरि विछोडको परिस्थिति आएको खण्डमा फिलममा देखाएको जस्तो प्रेमी प्रेमिकाहरू आत्महत्या गर्न पुग्छन् । प्रेम मात्र जवानीको क्षणिक आवेग मात्र हो भन्ने परिपक्व सन्देशको अभावमा उनीहरू विपरित लिंगको कामयुक्त आकर्षणलाई ने चोखोप्रेम भनि ठान्दछन् र त्यस्को लागि जुनसुकै मूल्य चुकाउन पनि तयार हुन्छन् । यस्ता कथानक चलचित्रको देखासिखिमा भएका र गरेका प्रेम यदि सफल भएर उनीहरूको मिलन भएपनि वास्तविक संसारको यथार्थ धरातलसंग मुकाविला गर्न असक्षम हुन्छन् र जति चांडै प्रेम बसेको हो त्यति चाँडै छुट्टिएर निरासा पूर्ण जीवन व्यतीत गर्न बाध्य हुन्छन् । यस्ता फिलमहरूको प्रदर्शन पछि फिलममा देखाएका दृश्यबाट प्रभावित भएर वास्तविक जीवनमा पनि त्यस्तै नक्कल गरेर आफ्नो जीवनलाई समाप्त पारेका घटनाहरू फिल्म प्रदर्शनको लगत्तै घटिरहेको हामी देखिरहेको हुन्छौं । कसैले परिवार संग विद्रोहगरि प्रेयसी संग भाग्ने, आफ्ना शत्रुहरूसंग फिल्मी स्टाइलमा झगडा गर्ने वा ग्याङ फाइत गर्ने, प्रेममा विछोड हुने आभाष हुनासाथ दुबै नदिमा हामफालेर ज्यान दिने घटनाहरूपनि हुन पुग्छन् । यसरी फिलममा मसला को रूपमा प्रयोग हुने हत्या, हिंसा, बलात्कार आदि द्वेष दुर्भावना युक्त कुराहरूले किशोर किशोरीहरूलाई एक किसिमले दिग्भ्रमित पारिरहेका हुन्छन् ।

आजकल फिल्महलमा पुग्नै नपर्ने किसिमले घर घरमा टिभी आदिको कारणले सिंगो परिवार नै टिभीमा आंखा लगाउन मनपराउँछन् । विशेषगरि टिभीमा आजकल विभिन्न सिरियलहरूको बाढि आईरहेका हुन्छन् । जसलाई बाहिर जान नभ्याउने गृहिणीहरूले विशेष रुपले रुचाइरहेका हुन्छन् । आजकालको ती सिरियलहरूलाई हेरेमा पनि पारिवारिक कलह, छलछाम, षदयन्त्र, बदलाको भावना, ईर्ष्या, मात्सर्य आदि अकुशल चेतनाको नै बढाई चढाई गरेर प्रस्तुतिकरण गरिरहेका हुन्छन् । द्वेष र दुर्भावना, षडयन्त्र आदि दृश्यहरू यति प्रचुर रूपमा पस्किरहेको हुन्छ कि सामान्य दर्शकहरूलाई पनि विभिन्न दुर्गुणहरू सार्न समर्थ हुन्छन् र पारिवारिक कलह नभएको ठाउँमा पनि कलह उत्पन्न गर्न उकासिरहेको हुन्छ ।

यस्तै इन्टरनेट को प्रादुर्भावले संसारमा सूचना प्रवाहलाई एकदम सजिलो बनाएको छ । तर त्यहि ईन्टरनेटको विभिन्न वेभसाईतमा विभिन्न प्रकारका यौनजन्य सामाग्रीहरूको प्रचुरताले भर्खरका केटा केटीहरूलाई पथभ्रस्त बनाईरहेका हुन्छन् । आजकाल साईबर अपराध भनेर अपराध गर्ने नयाँ तरिकाबाट प्रत्येक राष्ट्र चिन्तित बनिरहेको छ । यसलाई कसरी नियन्त्रण गर्न सकिन्छ भनेर विकसित राष्ट्रहरू लागि परेका छन् ।

यसरी आजकाल मनोरञ्जन भनेर जसलाई ग्रहण गरिरहेको छ, त्यसले मानिसहरूलाई आरामको सट्टा झन तनावयुक्त बनाउन सघाउने पक्का छ । राग, व्देष, जन्य र मोहजन्य कुराहरूद्वारा मानिसको मानसिकतालाई अधोगतिमा पुर्‍याउने यस्ता मनोरञ्जनको साधनबाट जति सक्यो त्यति चांडो बाहिर निस्कनु र स्वस्थ्य मनोरञ्जन जसले मनलाई हलुका बनाई दिन्छ, सुख शान्त पार्दछ र कुशल प्रवृतितिर दोर्‍याउँछ त्यस्ता मनोरञ्जनलाई बढावा दिनुनै समाजलाई सहि मार्ग तिर दोर्‍याउने कार्य हुन जान्छ ।

■

# योग अभ्यास विधि - भाग ५५

रेकी, योगा शिक्षक एवं प्रा.चि.डा. गोपाल प्रधान
रेकी वैकल्पिक उपचार केन्द्र, दिव्यज्योती समूह नेपाल, भोटाहिटी, काठमाण्डौ, फोन नं.: ४२२४०८५

## रङ्गको रहस्य-२

गत अङ्कमा रंगको रहस्य अन्तरगत विज्ञान र अध्यात्मको परिधि भित्र कुनै सिमा नभएको र रंगको रहस्य बुझ्न "सुर्य चिकित्सा" पद्धतिको रहस्यलाई बुझ्न आवश्यक पर्दछ भन्ने बारे जानकारी प्रस्तुत गरेका थियौं र सोही अनुरूप यस अंकमा विस्तृत जानकारी प्रस्तुत गरेको छु ।

प्राचिन कालमा सुर्योपासना धार्मिक अनुष्ठानको रूपमा प्रचलित थियो । धर्मको नाममा प्राचिनकालका मनुष्यहरू कुनै पनि प्रकारको बिरोध नगरीकन कार्य गर्दथियो । अत: त्यस समयका आयार्चहरुले धार्मिक-ग्रन्थहरूको रचना गर्दा खेरी यस्ता कतिपय विषय बस्तुमा ध्यान केन्द्रित गरेका थिए । उहाँहरूले विभिन्न प्रकारको पद्धति जस्तै-सूर्यको पुजा- आराधना, सुर्यको विशेष रूपले प्रणाम आदि गर्दथियो किनकी यस्ता पद्धतिबाट धर्मसित आवद्धता प्राप्त गर्दा त्यस समयका मनुष्यले कुनै पनि विवाद आदि गर्दैन थिए । त्यस युगमा मानव जातिले यस्ता कुरालाई श्रद्धाको रूपमा लिन्थे, कुनै पनि तर्क गर्दैन थिए । वर्तमान कालमा यस्ता विषलाई तर्क-बितर्क गर्दछन्, बैज्ञानिकताको खोजी गर्दछन् र यस्ता विषयहरूमा वैज्ञानिकताको आधार प्राप्त गरी सकेपछि मात्र विश्वास गर्दछन् । अत: आजका युगमा प्रमाणको आवश्यकता पर्दछ । तर कति पय यस्ता प्राकृतिक पद्धतिहरू छन् जस्को वैज्ञानिक आधार र प्रमाण प्रस्तुत गर्न सक्दैनौ किनकी यी विषय वस्तुहरू पूर्ण परम्परागत रूपमा चलिआएको पद्धति हो ।

प्राचिन कालमा सूर्य- चिकित्सा पद्धतिको कुनै पनि वैज्ञानिक आधारहरूको खोजी गरिएको थिएन । सूर्य चिकित्सा पद्धतिलाई मात्र धर्मको आधारमा अनुभवी व्यक्तिहरुले मात्र परिचालन गर्दथिए । त्यसकारण सूर्य चिकित्सा पद्धतिको प्रचार-प्रसार भएको पाइँदैन । तर हाल विकसित देशहरूमा सुर्य- चिकित्सा पद्धतिका तर्क एवं बैज्ञानिक बिषयका दुवै आधारहरूका बारेमा विभिन्न प्रकारका अनुसन्धान भइरहेको छ । किनकी विकसित राष्ट्रहरूले औषधिबाट हुने नकारात्क लक्षणहरू (साइडइफेक्ट) बाट बच्नका लागि सुर्यचिकित्सा पद्धतिलाई अगी सारेका छन् ।

संयुक्त राष्ट्र संघ अन्र्तरगत WHO वल्र्ड हेल्थ अरगनाईजेसन बाट पनि सुर्य चिकित्सा पद्धतिलाई क्रोमोथेरापी (Chromotheropy) अन्तरगत बैकल्पिक चिकित्साको रूपमा स्वीकारीसकेको छ । सूर्य चिकित्सा पद्धतिलाई वैकल्पिक चिकित्सा पद्धति अन्तरगत मान्यता प्रदान गर्नु नै, यस पद्धतिको विश्वशनीयताको प्रमाण हो ।

सुर्य-चिकित्सा पद्धतिको बारेमा विश्व विख्यात अनुसन्धानकर्ता आचार्य विनोवा ज्यूले भन्नु भएको छ कि जो व्यक्ति सूर्यको उपासना गर्न सक्दैन त्यस्ता व्यक्तिलाई सुर्यबाट शक्ति प्राप्त हुँदैन । र उहाँले भन्नु हुन्छ कि मानव कल्याणको लागि रोगबाट मुक्ति पाउन औषधिको होइन वा चिकित्सकको होइन शक्ति अर्थात तेजको आवश्यकता पर्दछ जुन कुरा सुर्य-चिकित्सा पद्धतिबाट संम्भव हुन्छ । उहाँ स्वयं पनि नियमित सुर्यको उपासना गर्नु हुन्छ । दिन भरी खेतमा काम गर्ने मजदुर, किसानहरूको छाला सुर्यको तेजबाट डढेर कालो भई सक्दछ तर उसमा शक्ति र स्फुर्ति बढ्दै गएको पाँउदछौ । त्यस्तै यस्को विपरीत एशो-आराम गर्ने व्यक्ति जसले उपासना गर्दैन उ रोगी एवं कमजोर भएको पाउँदछौ । हुनत प्राय: सम्पूर्ण मानव जातीले कतै न कतै उपासना गर्दछन् तर यस्तो असंतुलित उपासनामा हाम्रो शरीरको लागि प्रयाप्त हुँदैन किनकी उसापानका लागि नियमितता र समय अवधिको ध्यान दिनु नितान्त आवश्यक पर्दछ । प्राकृतिक तरिकाबाट जिव निर्जिब प्राणि जातिले रहन सहनकोलागि सूर्यबाट उर्जा प्राप्त गरी रहन्छन् उनीहरू नै पूर्ण रूपले स्वस्थ भएको देखिन्छ । यदि संसारका सम्पूर्ण मानव जातीले नियमित सुर्य-चिकित्सा पद्धति अन्तरगत उपासना मात्र गर्ने हो भने देखि पनि दिर्घायु एवं स्वस्थ बन्न सक्दछ । अत: यहि विषयलाई निरन्तरता दिनकोलागि बाकि अंश आगामी अंकमा प्रस्तुत गर्नेछु । *क्रमश:*



Downloaded from http://www.dhamma.digital

# सन्यास

■ नरेन्द्रनाथ भट्टराई

सन्यासको वास्तविक अर्थ नबुझेर मानिस घरवार छोड्नु, कर्म छोड्नुलाई नै सन्यास मानेर गलत मार्गतिर लागिरहेछन् । वास्तवमा घरबार छोड्नु काम गर्न छोडनु, सन्यास होइन । सन्यास न त पहेंलो कपडाले बाँधिने कुरा हो, न त मठ र गुम्बाभित्र कैद हुने कैदी हो । सन्यास त परम अवस्था हो, बोधको, होशको प्रकट रूप हो, सन्यास भित्री चेतनाको कुरा हो । जुन बेलामा सांसारिक सपना टुट्दछ, जुनबेला असत्यलाई असत्य देख्दछ त्यसै बखत त्यो मानिस सन्यासी हुन्छ ।

"शङ्कराचार्य स्नान गर्दै हुनुहुन्थ्यो, ग्राहाले खुट्टा पक्रियो ।" त्यस बखत शङ्करले नदीको किनारमा उभिएकी आफ्नी मातालाई ग्राहाले पक्रेको कुरा बताउँदै सन्यास लिनको लागि अनुमति माग्नुभयो । ग्राहाले पक्रेपछि छोरा यसै पनि जाने भयो उसै पनि जाने भयो भन्ने ठानेर माताले त्यस बखत अनुमति दिइन् । शङ्करले त्यस घटना घट्नु अघि पनि अनेक बार मातासँग सन्यस्त हुन अनुमति मागेका थिए तर माताले अनुमति दिएकी थिइनन् । यसपटक माताले आज्ञा दिइन, शङ्कर सन्यस्त भए । सन्यस्त हुने बित्तिके ग्राहाले शङ्करको पक्रिरहेको खुट्टा छोडिदियो ।

यस घटना सुन्दा हामीलाई कस्तो-कस्तो लाग्दछ ! पानीभित्र ग्राहाले पक्रिसकेको खुट्टा सन्यस्त हुने वित्तिकै किन र कसरी छोड्ने ? दोस्रो कुरा त्यस्तो अवस्थामा अर्थात् मृत्यु हुने क्षणमा सन्यस्त भएर पार पाइने, मुक्ति पाइने होला र ? यसो हेर्दा यो घटना पत्यारलाग्दो देखिन्न । तर हाम्रा धर्मशास्त्रहरूमा बहुतै घतलाग्दो, चाखलाग्दो तरीकाबाट अनेकन् घटना प्रस्तुत गरेर हामीलाई ज्ञानतर्फ, उन्मुख गराउन खोजिएको हुन्छ । यस घटनाभित्र पनि ठूलो रहस्य लुकेको छ ।

> हामी आफैं चञ्चल छैनौं । जसरी अचल सूर्य, चन्द्र अथवा डाँडो रूख आदिको छाँया हल्लिरहेको पानीमा पर्दाखेरि सूर्य, चन्द्र, डाँडो रूख नै हल्लिएको जस्तो देखिन्छ, वास्तवमा ती हल्लिएका पट्टकै छैनन् । यसैगरी हाम्रो छायाँ चञ्चल मनमा पर्दा आफूनै हल्लिएको, चञ्चल भएको जस्तो भान हुन्छ
>
> *साभार- परमात्माको दर्शन (चिन्तनधारा)*

यहाँ शङ्कर जीवको प्रतीक हो । नदी संसारको प्रतीक हो । संसार रूपी नदीभित्र ग्राहरूपी दु:ख पिर, चिन्त,अज्ञान, मृत्यु लुकेर बसेका हुन्छन् । शङ्करले बारम्बार आफ्नी मातासँग सन्यस्त हुन अनुमति माग्दा अनुमति पाएनन् भन्नुको रहस्य हो, जीवनमा बारम्बार दु:ख, पीर पर्दा मानिसमा बैराग्य उठ्छ त्यसबखत सबै त्याग गर्न चाहन्छ तर माता अर्थात् ममताले त्याग गर्न दिदैन ।

संसाररूपी नदीमा पसेर सुख, शान्ति पाउँला भनेर जो पस्दछ त्यसलाई कामरूपी, दु:खरूपी ग्राहाले पक्रिन्छ । ग्राहाले ननिल्दै शङ्करले सन्यास लिएको र ग्राहाले खान नसकेको अर्थ हो, बुद्ध पुरूष संसारको सानो टोकाइबाट नै ब्यूँझन्छ । यस्तो अवस्थामा पुगेका ज्ञानी पुरूषलाई ममताले रोक्न सक्तैन जसरी शङ्करको माताले सन्यास हुनबाट शङ्करलाई रोक्न सकिनन् । ■

> **"जो बुद्ध, धर्म तथा संघको शरण लिन जान्छ, जसले दु:ख, दु:खको उत्पत्ति, दु:खनिरोध र दु:ख निरोध हुने आर्य अष्टाङ्गिक मार्गलाई प्रज्ञा दृष्टिले हेरेको छ, उसताको शरण नै रक्षादायक उत्तम शरण हो, यही शरण लिएर नै सर्व तरहको दु:खबाट मुक्ति हुन्छ ।" - धम्मपद**

# धार्मिक कार्यक्रम आयोजना हुनु, सरीक हुनु, उपदेश सुन्नु मंगलकार्य

■ शिशिल चित्रकार

देशको विकाशकोलागि सक्षम, नैतिकवान, उद्यमशील, जनमत हुनुपर्दछ । आज हाम्रो देशमात्र नभइ विश्वनै भयावह अवस्थामा गुज्रिरहेको आभाष मिल्छ । व्यक्तिको गुण, क्षमता, नैतिकताको आधारविना घर, समाज, राष्ट्र र विश्वको विकाशको परीकल्पना गर्नु नै व्यर्थ हुन्छ । धार्मिक कार्यक्रम आयोजना हुनु, सरीक हुनु, उपदेश सुन्नु र मनन गरी व्यवहारमा उतार्ने नैतिकवान, दक्षतायुक्त जनमत तयारगर्नु पर्ने आजको तड्कारो आवश्यकता हो । यस्तो कार्यक्रम आयोजना हुन, सरीक हुन, उपदेश सुन्न पाउनु पनि ठूलो अवशर हो भने उपदेश सुन्ने क्रममा नयाँ कुरा सुन्न पाउनु पुरानो कुरा पुन: स्मरण हुनु, असल मान्छेहरूसंगको सतसंगत हुन पाउनु आदि फाइदाजनक कुरा हुने नै भयो ।

आज देशको कुरा गर्ने हो भने विकाश भन्दा विनाशतिर उन्मुख छौं कि भन्ने प्रश्न उठाउन सकिन्छ । देशमा भएको कयौं नीति कार्यक्रमहरु लागु भए पनि जनस्तरमा विकाशको प्रतिफल पाउन नसकेको कटु यथार्थ त छँदै छ । अफ केही सिमित वर्ग, व्यक्तिहरुलेमात्र फाइदा लिने शिक्षा, योजना, कार्यक्रमहरूको मात्र बाहुल्य छन् कि ? देशको वेरोजगारी, आर्थिक असमानता हटाउन वास्तैविक रूपमा चाहिने मानशिक दक्षता, नैतिकवान, कुनै पनि कार्यक्रम, योजनालागु गरेपछि सोको प्रतिफल प्रति जिम्मेवार बनाउने, उत्तरदायित्व बनाउने जनमत नै तयार गर्न सोचसम्म बनाउन सक्यौं कि सकेनौं ? आज समाज राष्ट्रमा हात्तिको देखाउने दाँत भैं विभिन्न योजना, कार्यक्रमहरूको नाममा खाली पैसा वगाउने गलत संस्कृति, अरूको देखासिकी गर्ने होडवाजीमात्र हुनु तर आम जनताको कार्यस्तर, सोचाइको स्तर, मानशिकताको अभिबृद्धि र विकाशको कुनै योजना वा परीयोजनाको अभाव छ कि छैन ? धम्मपदको श्लोक (६९) राख्नु शान्दर्भिक हुनेछ ।

**मधु'व मञ्ञती बालो - याव पापं न पच्चति ।**
**यदा च पच्चति पापं - अथ बालो दुक्खं निगच्छति ॥**

अर्थ: पापको फल नआएसम्म मूर्खले आफूले गरेको पापलाई कस्तिभैं सम्भिरहेको हुन्छ तर जुनबेला पापको फल भोग्नु पर्ने हुन्छ, त्यसबेला मात्र त्यो मुर्ख दु:खी हुन्छ । *(साभार- धम्मपद, भिक्षु अमृतानन्द, नेपालभाषा) ।*

आज समाज, राष्ट्र नै गलत परम्परा, गलत संस्कारको होडवाजीमा व्यस्त त छैन ? राष्ट्रको गलत परम्परा वा नैतिकवान जनमत तयार गर्ने सोच नहुनु आदिको प्रतिफल नै आजको अवस्थालाई मान्न सकिन्छ कि सकिंदैन ?

राज्यले यस्तो जनमत तयार गर्ने जमर्को, कार्यक्रम नवनाउँदा पनि कुनै धार्मिक संघ संस्थाहरुले धार्मिक कार्यक्रम आयोजना गरीरहनु निश्चयनै खुसीको कुरा हुन । प्रशंगवश गएको माघ २ गते देखि ८ गते सम्म धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठिको आयोजनामा ललितपुरको सुनाकोठी स्थित बौद्धजन विहारमा आयोजना भएको प्रव्रज्या, गुरूमां र ऋषिणी कार्यक्रमलाई जति प्रशंसा गरेपनि नपुग्ने हुने थान्छु । बाल बालिकाहरूको स्कुलको जाडो विदाको अवशरमा बुद्ध शासनमा प्रव्रजित हुनु, बुद्ध शिक्षा, व्यवहारमा उतार्न पाउनु बालबालिकाहरूको भविष्य सुधार हुनको साथै देशको सक्ष जनमत तयार गर्ने खुडकिलोको रूपमा समेत लिन सकिन्छ । यस अर्थमा आयोजक संस्था लगाएत भन्ते गुरूमां र अन्य प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग गर्ने सवैलाई धन्यवाद दिनु पर्ने कर्तव्य ठान्छु ।

कार्यक्रममा सरीक पश्चात विहारका धर्मगुप्त भन्तेज्यूसंगको छोटो दर्शन, पुग्गलपञ्ञति (पुदगलप्रज्ञप्ति (Designation of Human Types) पुस्तक पाउनु लगायत भन्ते र धम्मावति गुरूमांबाट धर्म उपदेश सुन्न पाउनु पनि ठूलो अवशर हुन् । भन्तेज्युको वाचन "आज एकजना आमा/बुवाले १५ जना छोराहरू पाल्न सकिन्छ तर १५ जना छोराहरूले एक जना आमा/बुवा पाल्न सक्दैनन्," निकै मर्मस्पर्शी, हृदयविदारक र दर्दनाक छ । आजको समाजको सही चित्रण गर्न प्रयाप्त र सक्षम छ । नैतिकवान जनमत विना यो अवस्था आउनुमा समाज राष्ट्र र विश्वको शिक्षा, संस्कृतिको के कस्तो भूमिका छ वा



Downloaded from http://www.dhamma.digital

छैन ? (समयको आरोह अवरोह, सामाजिक, साँस्कृतिक परम्परा (?) विभिन्न व्यक्तिहरूको बौद्धिक र मानसिकताको मिश्रण, संयोजन वा व्यक्तिगत कमीकमजोरको कारणले म पनि आज संयुक्त परीवारिक अवस्थाबाट विमुख छु । राज्यको दायित्व सामाजिक साँस्कृतिक परम्परा अक्षुण्ण राख्न चाहिने सबल व्यक्ति तयार गर्न आवश्यक हुने शिक्षा, नैतिक शिक्षा प्रदान गर्नु र अन्य भौतिक पुर्वाधार तयार गर्नु हो कि होईन ?

उक्त कार्यक्रमको समाप्तीको दिनमा आयोजक तर्फबाट सो कार्यक्रममा सरीक हुने बालबालिका, अभिभावकहरू लगायत अन्यलाई धन्यवाद दिएको शन्दर्भमा व्यक्तिगत रूपमा अभिवावकहरूको सहमति भएमा सवैको तर्फबाट समेत) यस्तो धार्मिक कार्यक्रम आयोजना गरी कार्यक्रममा सरीक हुने अवशर धर्म श्रवण गर्ने अवसर तथा देशकोलागि नैतिकवान जनमत तयार गर्ने (राज्यले गर्नु पर्ने) कार्य समेत गर्नु भएकोमा साधुवाद व्यक्त गर्दछ । कुनै पनि स्कुले जाडोयामको छुट्टिमा यस्ता कार्यक्रमको आयोजना गर्न प्रेरीत होउन् भनी कामना गर्दछु ।

सबैको कल्याण होस् ! सबैको मंगल होस् !! सबैंको भलो होस् !!!

■


## नयाँ भर्ना सम्बन्धी सूचना

बुद्धधर्म विषयक १० महिने पी.जि. डि. डिप्लोमा (Post Graduate Diploma in Buddhist Studies T.U.) तहमा शैक्षिक शत्र २०६६/०६७ को लागि नयाँ भर्ना खुल्यो । इच्छुक सबैले यथाशीघ्र सम्पर्क राख्नुहोला ।

[illegible]

हाम्रा विशेषताहरू:

१. मल्टिमेडियाको प्रयोग गरी कक्षा संचालन ।
२. नेपाल तथा विदेशमा शैक्षिक भ्रमण ।
३. स्वदेशी तथा विदेशी विद्वानहरूबाट कक्षा ।
४. गोष्ठी तथा सेमिनारको आयोजना ।
५. अनुसन्धान विधि सम्बन्धी अतिरिक्त कक्षाहरू ।
६. वेबसाइटबाट सूचना प्रवाह ।

*विस्तृत जानकारीको लागि सम्पर्क:*

**लोटस रिसर्च सेन्टर**

**लोटस एकेडेमिक कलेज फर बुद्धिष्ट स्टडीज**

क्वायूबहिल, वडा नं. २०, ललितपुर । फोन नं. ५५४९३४३, ०१९२१६०७३

इमेल: info@LRCnepal.org
Web: lrcnepal.org


"उत्तम पुरुष दुर्लभ छ, त्यसको सबै ठाउँमा जन्म हुँदैन । जुन कुलमा यस्ता महापुरुषको जन्म हुन्छ, त्यस कुलमा सुख वृद्धि हुन्छ ।"

"बुद्धहरूको जन्म हुनु सुखदायक हो, सद्धर्मको उपदेश सुखदायक हो अथवा एकतायुक्तहरूको तपस्या पनि सुख दायक हो ।" - धम्मपद

# ध्यान–ध्यान, के दिन्छ त्यो ध्यानले ?

■ ओशो मैत्रेय

२०५१ साल दसैंको । म शान्तिकाका र काकीको हातको टीका लगाउनुपऱ्यो भनेर काकाघर पुगें । बिहान सबेरै भएको हुनाले काका भर्खरै नुहाएर पाठ गर्दै हुनुहुँदोरहेछ । मलाई देख्नासाथ 'ए तँ आइस्, मैले त हिजै आउँछस् होला भन्ठानेको थिएँ, ल बस बस...' भन्दै टीका लगाउन बिछ्याइएको राडीमा बसाउनुभयो । म थ्याच्च बसें ।

पाठै गर्न छोडेर काका हिजो दशमीको दिनका को-को आए, कहाँ-कहाँबाट आए भन्नेबारे बेलीविस्तार लगाउन थाल्नुभयो । नजिकै रहेको पत्रिका पढ्दै मैले पनि 'ए हो र ? ए हो र ?' भन्दै जवाफ दिएजस्तै गरें । १५/२० मिनेटसम्म काका फलाकी नै रहनुभयो । यत्तिकैमा हातमा दुई कप चिया लिएर काकी आइपुग्नुभयो । हातमा चियाको कप थमाउँदै काकीले मेरो पिटाइ (बोलीले) सुरू गर्नुभयो ।

'ए तँ के-के गर्न थालेको छस् रे, ध्यान-स्यान के-के हो गर्छस् रे, केहो त्यो ध्यान भनेको ? खै कुनचाहिँलाई मेरो गुरू हो भन्छस् रे ! व्रतबन्ध गर्दा गायत्री सुनाउने हाम्रा कुल पुरेत नै गुरू हुन्, त्यति पनि हेक्का छैन ? अनि बाउबाजेले गरेको धर्म- कर्ममा तैंले के कमी देखिस् र तँ बरालिएको ? तँलाई धर्म-कर्म नै गर्न मन लागेको भए सधैं पशुपति गएको भए भइहाल्यो । सत्यनारायणको कथा लगाएको भए हुन्थ्यो', आदि आदि काकीका हथौडाहरू ममाथि बर्सदैं थिए । बेलाबेलामा काका पनि काकीतिरै लागेर 'हो..हो' भन्नुहुन्थ्यो ।

धेरैबेर कराउँदा पनि ढुंगो बोल्ला बरू म नबोलेका देखेर काकी भान्सातिर लाग्नुभयो । 'हेर बाबु, काकीको कुरालाई नराम्रो नमान... ल तँ भन त त्यो ध्यान गरेर के पाइन्छ ? के त्यसले लाउन-खान दिन्छ ? नोकरी प्रोमोसन दिन्छ ? ल भन्न त बाबु... तँ किन बोल्दैनस् ?', काका मलाई फुस्ल्याउन थाल्नुभयो । मैले ध्यान साधना गर्न लागेको त्यति धेरै पनि भएको थिएन र मलाई खास त्यति अनुभवहरू पनि थिएनन् । त्यसैले मैले काकाकाकीलाई त्यति बेला धेरै कुरा राख्न सकिनँ ।

त्यो घटना भएको पनि १५ वर्ष भइसकेको छ । काकाकाकी पनि १५ वर्ष प्रौढ भइसक्नुभएको छ र म पनि दुवै भौतिक र साधनापथमा पन्ध्र वर्षले छिप्पिसकेको छु । आज मसँग काकाकाकीलाई जवाफ दिन थुप्रै अनुभवहरू छन् र ती अनुभवहरू (जुन काकाकीले बुझ्न सक्नुहुन्छ) लाई आज व्यक्त गर्दैछु । हिजो मात्र पनि मसँग सधैं बिहान भ्रमणमा निस्कने साथी रवीन्द्रले सोधेका थिए, 'तँ सधैं ध्यान-ध्यान भनिरहन्छस्, लौन ठीकसँग भन, ध्यानबाट के प्राप्त हुन्छ ?' मैले रवीन्द्रलाई भने, 'ध्यानबाट के पाइँदैन त्यो सोध्न बा । त्यो लिस्ट छोटो हुन्छ ।' खासमा ध्यान भन्ने शब्द त हामी बारम्बार प्रयोग गर्दछौं, तर ध्यानको महिमा हामीलाई कहाँ थाहा छ र ? थाहा भएको भए मनुष्यको यो हविगत कहाँ हुन्थ्यो र ?

ध्यानलाई मान्छेले बुझेको भए आज संसारमा कुनै पनि पागलखाना हुँदैनथे, न कुनै झ्यालखाना वा पुलिसथाना हुन्थ्यो ।

ध्यानको बारेमा मनुष्यले बुझेको र अपनाएको हुन्थ्यो भने आज हिरोसिमा, नागासाकी, सुडान, अफगानिस्तानका दुर्दशाहरू हुँदैनथे । करोडौं मनुष्यले अनाहकमा ज्यान गुमाउनुपर्दैन्थ्यो र आज कोही भोका-नांगा र रोगी हुँदैनथिए । मनुष्यले ध्यानलाई पकडिएको भए न कोही गब्बर सिंह वा ज्वाला सिंहको नै जन्म हुन्थ्यो, न त खाओवादी वा माओवाद नै देखापर्थे ।

हामीले ओशो, गौतम बुद्ध, महावीर, पतञ्जली, गोरखनाथ, शिव आदि महामानवका कुराहरू बुझेको भए आज हरनगर गाउँ वृन्दावन बन्दथ्यो । सारा विश्व शान्तिक्षेत्र बन्दथ्यो । कुनै युवायुवतीले लागूपदार्थको सिकार बन्नुपर्ने थिएन र कुनै हिंसा, हत्या र बलात्कारका घटनाहरू हुँदैनथे । मनुष्यले ध्यान जानेको भए आज यसरी धर्तीमाताले बलात्कृत हुनुपर्ने थिएन र मनुष्यबाहेक अन्य प्राणीहरूले पनि आफ्नो दिनदहाडै सर्वनाश भइरहेको हेर्नुपर्ने थिएन ।

आज जहाँ पनि ध्यान छैन, त्यहाँ लडाइँ झगडा, हिंसा, हत्या, बलात्कार, चोरी-डकैती, भ्रष्टाचार, पारपाचुके आदि आदि भइरहेका छन् । अनि जहाँ पनि जानी वा नजानी ध्यान घटित भइरहेको छ, त्यहाँ शान्ति, प्रेम, सिर्जना, चिन्तन, मनन, निर्माण आदि आदि भइरहेका छन् । जुन परिवारमा ध्यान छ, त्यहाँ प्रेम छ । जहाँ ध्यान छैन, त्यहाँ



Downloaded from http://www.dhamma.digital

घृणा छ । कथा र व्यथा छ । जगत्मा जे राम्रो छ, त्यो ध्यानकै कारणले छ र जे नराम्रो छ, ध्यानकै अभावले गर्दा छ ।

हिटलर, मुसोलीनी, चंगेजखान, स्टालिन, इदी अमिनहरू ध्यानको अभावका उपजहरू हुन् भने गौतम बुद्ध, नागार्जुन, सारीपुत्र, शिवपुरीबाबा, खप्तड बाबा आदि आदि ध्यानका उपजहरू हुन् । ध्यानले के दिँदैन ? सबैथोक दिन्छ । लिनेले लिनुपर्‍यो । १५ वर्षको लामो र निरन्तर ध्यान साधनापछि म ठोकुवा गरेर भन्न सक्छु, ध्यानले सबैथोक दिन्छ ।

प्रेमः आजको युगका अति प्रभावशाली व्यवस्थापन दर्शनशास्त्रहरूमध्ये प्रेम मनुष्य चेतनाको एक अनन्य आवश्यकता हो । प्रेम नपाएको व्यक्ति नै कठोर, निर्दयी, अहंकारी, हिंसालु, विध्वंसक, फटाहा, घुस्याहा, नाफाखोर, व्यभिचारी आदि आदि बन्दछ र प्रेम पाएको व्यक्ति नै शान्त, तनावमुक्त, सिर्जनशील, मस्त रहन्छ । यो लाटोले पनि बुझ्ने कुरा हो । तर, प्रेम बोटमा फल्दैन र मागेर पनि पाइँदैन । अनेपछि त्यो कहाँ पाइन्छ त ?...

मैले जानें कि मनुष्य स्वयं प्रेमको खानी हो । तर, यो खानीको हालत पनि त्यस्तै छ, जस्तो कि हीराको खानी । हीरा जमिनमुनि धेरै गहिरो स्थानमा छ । तर, बाटोमा अनेकौं माटो, गिट्टी, पत्थर आदि छन् । त्यसगरी मनुष्यको चेतनाको गहिराइमा भएको प्रेमको मार्गमा पनि अनेकौं झन् भयानक काम, क्रोध, लोभ, ईर्ष्या, द्वेष, तनाव, अहंकार आदिरूपी बाधाहरु छन् । अब प्रेमको मार्गमा भएका यी बाधा हटाउन बाहिरको कुटा, कोदालो, बुल्डोजर केही काम लाग्दैन । काम लाग्दछ भने केवल एकमात्र ध्यान नै हो ।

आज प्रेमी-प्रेमिका, पति-पत्नी, आमा-छोरा, साथी- साथीबीचमा प्रेम छैनन् । लेनदेनको व्यापार छ । अझ लेनको धन्दा छ भन्नु उचित होला । पति-पत्नी, प्रेमी-प्रेमिका सबैलाई प्रेम चाहिएको छ । तर, दिनेवाला कोही छैन । घर-परिवार, समाज वा राष्ट्रमा हुने द्वन्द्व, झै-झगडा, बन्द-हडताल, हिंसा-हत्या सबै एक प्रकारले 'मलाई प्रेम गर' भन्ने अभिव्यक्ति नै त हुन् नि ।

मै हुँ भन्ने धेरै ठूलाठूलाले ठूला कुरा गरेर धेरै समय बर्बाद गरिसके । कोसी, गण्डकीको पानी बगेर सबै मुग्लान पसिसक्यो । तर, हाम्रो बुद्धिमा एक थोपा पनि पसेन । आज यो चाँदीजस्तै चम्किने हिमाल, साजसज्जा गरेर भर्खरै डोली चढेर दुलहाको अघि-अघि घुम्टो ओढेर ससुराल जानका लागि निस्केकी दुलहीजस्तै पहाड, कलकल गर्ने नदी र झरझर गर्ने झरनै-झरना, सुनै-सुनले मोडिएकी तराई भएको यो सुन्दर शान्त नेपाललाई राम्रो बनाउन चाहने हो भने, हाम्रा भावी सन्ततिलाई सही मार्गप्रशस्त गर्न चाहने हो भने, हाम्रो आफ्नै मौलिकता अपनाउने हो भने हामीले गौतम बुद्धलाई पछ्याउनुपर्दछ । शिवलाई पुजेर मात्र पुग्दैन, उनको सन्देश आत्मसात् गर्नुपर्दछ ।

आज चाहे कुनै उत्तर-दक्षिण वा पश्चिमबाट ल्याएको कुनै पनि वाद होस् त्यसले कुनै काम गर्नेवाला छैन । बूढापाकाको उखानजस्तै 'मच्चियो मच्चियो अनि थच्चियो' हुन्छ । आज हाम्रा नानीहरूलाई प्रेम चाहिएको छ । हाम्रा बा, आमा, हजुरबा, हजुरआमा सबैलाई प्रेम चाहिएको छ । पहाडमा फुल्ने लालीगुराँस अनि आकाशमा भुर्र उड्ने पंक्षीलाई प्रेम चाहिएको छ ।

आज मलाई प्रेम चाहिएको छ र यो पढ्दै गर्ने तपाईंलाई प्रेम चाहिएको छ । राजालाई प्रेम चाहिएको छ सिपाहीँलाई प्रेम चाहिएको छ । तर, त्यो अमूल्य वस्तु कहाँ पाउने ? हो त्यो हामीभित्रै छ । तर, त्यसलाई पाउन ध्यानको हतियार चलाउनुपर्दछ । अँ यो प्रेम? प्रेम त एक सयमा एकमात्रै हो जो ध्यानले मनुष्यलाई दिनसक्छ । ध्यानले दिने उनान्सय कुरा त भन्न बाँकी नै छन् । नमरी बाँचे कालले साँचे ती उनान्सयको बारेमा पनि चर्चा गरौंला ।

भवतु सब्ब मंगलम् ।

*साभार- अन्नपूर्ण पोष्ट*

"एकान्त वासको रस तथा शान्तिको रसपान गर्ने सत्पुरुषलाई भय हुँदैन । धर्मको प्रेमरस पान गरेको हुनाले पाप रहित भइसकेको छ ।"

– धम्मपद

**धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना**

| मिति | बुद्धपूजा | धर्मदेशना |
|---|---|---|
| २०६६/१०/९ | केशावती गुरुमां | धम्मवती गुरुमां |
| २०६६/९/१६ | खेमावती | धम्मवती गुरुमां |
| २०६६/९/२३ | धम्मवती गुरुमां | श्रीलंकाको भन्ते |
| २०६६/१०/१ | अनुपमा गुरुमां | अनुपमा गुरुमां |
| २०६६/११/२ | इन्दावती गुरुमां | इन्दावती गुरुमां |

# विपश्यना पछिकी सञ्चिता

■ लक्ष्मण सुवेदी

पहिला नायिका सञ्चिता लुइँटेल सानातिना, झिनामसिना कुराले पनि निकै तनावमा आउने गर्थिन् । उनको मुड अफ हुन कुनै ठूलो 'इस्यू' चाहिँदैनथ्यो । कसैले आफ्नो बारेमा छिसिक्क केही भन्यो भने पनि उनमा फस्टेसन सुरू भइहाल्थ्यो । तर, अचेल मलाई सानातिना त के 'ठूला' हल्लाले समेत रत्तिभर विचलित बनाउँदैन, आत्मविश्वासका साथ सञ्चिता पोखिइन, 'जीवनको सार केहो ? बाँच्नुको अर्थ के हो, मलाई हेक्का भइसकेको छ । सत्य र यथार्थलाई आत्मसात् गरी सरल तरिकाले बाँच्नुपर्छ भन्ने सिकेकी छु । त्यसकारण अचेल म हरदम खुसी रहने गर्छु ।

सञ्चिताले जीवन र यसको सार तत्त्वका बारेमा यस्तो महाज्ञान कहाँबाट प्राप्त गरिन् होला ? कि त सपनामा भगवान्ले बुझाएछन् मानव चोलाको वास्तविकता ? 'होइन, होइन,' सञ्चिताले सबै अनुमानलाई पूर्ण रूपले नकार्दै भनिन्, 'यो सबै विपश्यनाको उपज हो ।' कतिवेला पुगिछन् त उनी विपश्यनामा ? 'अस्ति नै एकचोटि म हराएकी थिएँ नि' सम्झाउने कोसिस गर्दै उनले भनिन्, 'जनवरी पहिलो हप्ता हो क्यारे,' मतलब पुस तेस्रो सातातिर हो, त्यतिबेला उनी उकाएक हराएकी थिइन् । उनको मोबाइल हरदम 'अफ' हुन्थ्यो । कहा गइनँ उनी, उनको परिवारबाहेक अन्य कसैलाई सम्भवत: थाहा थियो । 'विपश्यना मेडिटेसन गर्न गएकी थिएँ । त्यहाँबाट फर्किएपछि नै मलाई कुनै कुराको टेन्सन लाग्न छोडेको हो ।' सञ्चिताले खुलाइन्, 'सुटिङबाट टाढा रही दस दिन विपश्यना शिविर बसें ।'

बुढानीलकण्ठस्थित धर्मश्रीङ्ग विपश्यनामा दस दिन ध्यानमग्न भएकी सञ्चितालाई यसबारेमा स्कुले जीवनमै कुनै साथीले बताएको थियो रे । 'त्यतिबेला सबै कुरा त बुझिनँ । तर, म धार्मिक प्रवृत्तिको भएकाले कुनै दिन त्यहाँ पुग्छु भन्ने भित्री इच्छा भने थियो । सुटिङबाट पाएको केही दिनको फुर्सदको सही सदुपयोग गरेको बताउँदै उनले भनिन्, 'म हरेक महिनाको अन्तिम शनिबार त्यहाँ पुग्ने गरेकी छु । फेरि एकपटक दसदिने शिविरमा बस्ने इच्छा छ । समयाभावका कारण नभ्याए पनि वर्षमा एकचोटि भने विपश्यना लीन हुने योजना छ मेरो ।'

विपश्यनामा बस्दा पञ्चशीलको पालना आर्य मौन, जीवहत्या नगर्ने, माछामासु नखाने, ब्रह्मचर्यको पालना गर्ने, पूर्ण रूपले अनुशासित बन्ने लगायत बुद्धवचनको पालना गर्नुपर्छ । शारीरिक तथा मानसिक रूपमा स्वस्थ्य र स्वच्छ बन्नका लागि विपश्यना अति उत्तम उपाय भएको ठहर सञ्चिताको छ । बाहिरी दुनियाँबाट टाढा रही दस दिनसम्म दैनिक १२ घन्टा विपश्यनामा बसेकी सञ्चिता अचेल हरेक बिहान ५ बजे उठेर विपश्यनामा लीन हुने गरेको बताउँछिन् । 'ध्यान त मैले पहिला पनि गर्थे । तर, त्यो नियममा निरन्तर थिएन । तर,अचेल एउटा निश्चित समयमा, निश्चित प्रक्रियामा बाँधिएर ध्यान गर्ने बानी बसेको छ ।' उनले भनिन् 'सुटिङको व्यस्तता भयो भने पनि टाइम म्यानेज गरेर नियमित विपश्यना गर्ने गरेकी छु ।' आफ्नो शरीरको सासलाई आफैले महसुस गर्ने साधना विपश्यनाले आफूलाई सधैं खुसी र तनावरहित बनाएको बताउँछिन् सञ्चिता ।

विपश्यना शिविरपछि आफूमा शारीरिक तथा मानसिक रूपले समेत भिन्नता आएको अनुभव गरेकी छिन् उनीले । भनिन्, 'म अचेल आफूलाई संसारकै भाग्यमानी र खुसी नारी ठान्छु । हरेक कुरामा म सन्तुष्ट छु ।'

*(साभार- नयाँ पत्रिका, २०६६ माघ १० आइतबार)*

**धर्मकीर्ति पत्रिकाको विशेष संरक्षक**

क्र.सं. ६३५

**अध्यक्ष लिली जङ्ग गुरूङ्ग**

य्हुल्सा गोम्पा

वेसी शहर वडा नं. २, शान्ति टोल लमजुङ्ग

रू. १०००/ अपेग

क्र.सं. ६३६

**अध्यक्ष टङ्गी छ्योलिङ्ग गोम्पा**

भलाम चौर, लमजुङ्ग

रू. १०००/



Downloaded from http://www.dhamma.digital

# लाभ सत्कारया लँपु व निर्वाणया लँपु वहे मखु

■ धम्मवती

**अञ्ञाहि लाभू पनिसा अञ्ञा निब्बाण गामिनी ।**
**एव मेतं अभिञ्ञाय भिक्खु बुद्धस्स सावकोति ।।**
**सक्कारं नाभिनन्देय्य विवेकं मनु ब्रुहये ।।।**

अर्थ– लाभ सत्कार प्राप्त यायेगु लँपु मेगु हे, निर्वाण प्राप्त यायेगु लँपु मेगु हे धका: थ्वीका: बुद्ध शासने च्वं च्वंम्ह भिक्षु समाज पाखें लाभ सत्कार दयकेगु वास्ता मयासे विवेक बुद्धि पूर्वक जीवन हनेगु स्वयेमा: ।

च्वे च्वंगु गाथा धम्मपदे उल्लेख जुया च्वंगु उत्तमगु बुद्ध वचन ख: । थ्व बुद्ध वचन भिक्षुपिन्त जक धया त:गु धका: समझे ज्वीगु वीवेक बुद्धि मदुगुया चिं जू वनी । भगवान बुद्धं आपालं याना भिक्षुपिन्त न्वाना थे याना उपदेश बिया बिज्यागु त्रिपिटके खने दु । झी उखान छगू नं दु– "म्ह्यायात ब्व:बिया: भौ:सिखे यायेगु" धयाथें बुद्धं भिक्षुपिन्त ब्वोबिया: गृहस्थितेत शिक्षा बिया त:गु खने दु । अथे धका: भगवान बुद्धं न्वाय् मायक भिक्षुपिसं छुं ज्या मया: धायेगु ठीक ज्वी मखु । छाय धा:सा विनय पिटक साछि दु बुद्धया पाले भिक्षुपिनिगु जीवन गुलि तक पवित्र जू मजू धयागु । विनय पिटक स्वयायंके बले धम्मपदे बुद्धं धया बिज्याथें भिक्षुपिं नं लाभ सत्कार प्राप्त यायेगु पाखे ध्यान बिया च्वंपि मदुगु मखु ।

थौं झीगु समाजे नं धर्म कर्म याय्बले– **"इदम्मे पुञ्ञं आसवक्खया वहं होतु, निब्बाणस्स पच्चयो होतु"** अर्थात थ्व पुण्यं आस्रव क्षय ज्वीमा, निर्वाण लाभया निंति हेतु ज्वीमा धया च्वनी, हाला च्वनी तर ज्या धा:सा निर्वाणया लागी मजूसें मेगु हे जुया च्वनी । निर्वाणया लागी ज्या याना च्वंपि पतिं निना ल्याखायत हे मगा: धयां अपो खँ ज्वी मखु । बरू न्हयागु याना नं लाभ सत्कार बढे यायेगु जक ज्या याना च्वनीपिं व कल्पना याना च्वनिपिं अपो खने दु । गथेकि पुत धाधां मक: मा: ज्वीपिं जक आपा: । पुत हा हां मक: मा: जुया च्वंतल्ययात गुबलें हे शान्ति प्राप्त ज्वी मखु अथवा आनन्दमय जीवन हने फै मखु । तानो धका बा पुत धका: सीका: ल: मावने स:सा तिनि शान्ति व आनन्द दै अले जीवन सिच्चुसे च्वनी ।

थ्व खँ थ्वीका कायेया लागी छगू उपमा बीगु मती तया । धायनु तालजुया स्वभाव बराबर यायेगु बा अन्याय मज्वीगु ज्या यायेगु । उकिं पसल्यां छुं वस्तु मी बले लना बी । लना बीत छखे ध:तइ मेखे मी मागु वस्तु तइ । वस्तु अपोतलकि ध: दुगु तालजुपा: थाहाँ वनी । माल मगात धायवं ध: दुगु तालजुपा: कुहाँवनी मतलव निखें बराबर ज्वी मखु । अथे हे धयाथें लाभ व शान्ति तालजुइ तया लनेबले बराबर ज्वी मखु । छखे थाहाँ वनी अले मेखे कुहाँ वनी । मेकथं धाय् माल धा:सा भौतिक सुख व आध्यात्मिक सुख तालजुइ तया: लना स्व:सा बराबर जुइ मखू: भौतिक सुखे वा लाभ सत्कार बढे यायेगु पाखे जक भुले जुल धा:सा आध्यात्मिक सुख कुहाँवनी । मन चिन्तां मुक्त ज्वी मखु । व्यक्तित्व उन्नति ज्वी मखु । उकि धन व मेमेगु वस्तुत यक्क्व दयेवं जक मने सुख दइ वा आध्यात्मिक सुख दइ धका आशा यायेगु पाय्छि मजू । तर अपो मनूतसें धयाच्वन धन वा ध्यबा दत धा:सा छु जक मदु, छु जक याय मफु धयागु मदु ?न्ह्यागुं याये ज्यू । ध्यबा दुमेसित सुनां छु धायफु ? धात्थे धाय्माल धा:सा थथे कल्पना यायेगु ठीक मजू । छाय् कि ल्यूने ल्यूने व धा थ्व धा: मदयेक धायका च्वने मागु जीवन छु जीवन ? धन दयेवं सुख व आनन्द दु धयागु नं पायछि मजू । भौतिक उन्नति जू जक धायफु तर आध्यात्मिक सुख दु धाय मछिं ।

आध्यात्मिक सुख दयकेतला धन जक दयां मगा: । प्रज्ञा बा विवेक बुद्धि व त्याग चेतना मा: । प्रज्ञा व त्याग चेतना दत धायवं धनयात मा:थाय् मछ्चसे माया याना सुचुका तइ मखु । धनयात बाँलाक छ्चलाच्वनी । धन दुथें बाँलाक छ्चले मसलकि व धनंयाना: म्वामदुगु कलह, कचवं व ल्वापु पिहाँ वइ असन्तोष फैले ज्वी । सहयोग धयागु दै मखु । थ: छ्चें च्वंपिसं हे मनं खना ज्या याइ मखु । अले धन जक दयेवं गथे आध्यात्मिक सुख दु धायेगु ? उकिं धन यात बाँलाक छ्चले सयकेमा: । भिंथाय् व माथाय् खर्च याय् सयकेगु प्रज्ञामा: धका धया तगु । मखुसां मनूत तृष्णाय् जक लाना च्वनी ।

प्रज्ञा धयागु अथें दयावइगु चीज मखु । न्हयाम्हसिकें दइगु नं मखु । गुम्ह मनूयाके श्रद्धा (चक्कंगुनुग:) त्याग चेतना व वीर्य (उत्साह) आदि गुण धर्म दइ वयाके हे जक प्रज्ञा धयागु दै । नुग: स्यामेसिके प्रज्ञा दैमखु । ईर्ष्या दुपिंके त्याग चेतना दइ मखु । उकिं त्याग व प्रज्ञा अले धन मुंकेगु इच्छा तालजुई तया: लना स्वत धा:सा बराबर ज्वी मखु ।

अथेहे झीनं निर्वाण सुख माल धका: हाला च्वंसानं नुग: यचु मजूतले झीपिं लखे च्वंने चिकं थें जक जुया च्वनी । लाभ सत्कार पाखे लगे जुलकि मन न्हयपु थातं च्वनी मखु । मतया न्हयाबलें लिमलाना च्वनी । छाय् धा:सा ध्यबा अप्पो दयावो लिसे गन तया गथे याना धनया सुरक्षा याये ? गनत:सा ठीक ज्वी ? धुकुति तया जी ला ? बैंक्य् तयां जी ला ? सुयातं बिया अपो ब्याज वइला ? मेपिन्त बी बले पचेयाना नइला ? कि मखुसा जग्गा न्याना: छचें दना: बालं तया: ध्यबा कमाय् याना: जी ला ? इत्यादि पीर ज्वीका च्वने माली ।

छुखे धन दयेवं चिन्ता व पीर ज्वीगु ख:सा ध्यबा मन्तकि नं समाजं पत्या: मयाइगु पीर जक मखु थ:म्हं मफइबले वास: तकनं याये मफइला ? थ:थिति पिन्त नखत्या सते मफइला, फलानागु ज्या वइ बले गथे याना: तरे यायेगु धकानं पीर ज्वीका च्वने माले यो । गथे कि तालजुइ ध:इयातुसा वस्तु दुगु तालजुपा: थाहाँवनी वस्तु इयातुसा ध: दुगु तालजुपा: थाहाँवनी वस्तुदुगु कुहाँ वनी बराबर ज्वी मखु । सन्तुलन मिले,जूसा जक तालजु पायछि ज्वी । अथे हे झीगु जीवने नं थ:त मागु पायछि ज्वीक चूलासा, दयाच्वंसा अथवा आम्दानी खर्च मिले जूसा जक आध्यात्मिक सुख दै । हानं त्याग चेतना दयेका: प्रज्ञा यात न्हयोने तया: ज्या याय् फयक्य मा: । न्हयपु व मन छथासं लाका: ज्या याना यंक्य मा: । अले आध्यात्मिक सुख दै । अथे मखुसा कमाय् यायेगु व मुंकेगु जक ध्यान जुल धा:सा मने शान्ति गुबलें दइ मखु । ईर्ष्या व तृष्णा जक बढे जुया च्वनी ।

भगवान बुद्धं बोधि ज्ञान लाय् धुंका: नीद तक बुद्ध शासन बाँलाका शान्त पूर्वकं चले जुया च्वन । छाय् धा:सा बुद्ध शासने च्वं च्वंपि भिक्षुपिं लाभ सत्कार दयकेगु पाखे ध्यान मवं । आपा वस्तु मुंकेगु इच्छा मया: । लिपा श्रद्धावान पिनि अपो भक्ति भावनां याना: यक्व वस्तुत दान बी यंकल लाभ सत्कार दयावो बले ल्वापु व कचवं पिहां वल । थुकिं सीदु धन सम्पत्ति दयवं आध्यात्मिक अशान्ति दैगु मखु । आध्यात्मिक सुख दयकेया लागी छुयाय्मा: धयागु खं थ्वीका बीया लागी उपमा छगू बी गथे कि सिमा छमा पित धा:सा ल:नं बीमा: सा:नं तया बी मा: । तर ल:व सा:जक यक्व अपो जुल धायवं सिमाया हानापं झना वनेयो । उकि बुद्धं भिक्षुपिन्त धया बिज्या:गु लाभ सत्कार दयेकेगु पाखे ब्वाँय् वने मते । लाभ सत्कार पाखे ध्यान वनकि त्याग, शील व भावना छुखेलाना बुद्ध शासनया हा झना वनी धयागु भय खना: हे बसपोलं लाभ सत्कारया लँपु मेगु हे, निर्वाणया लँपु मेगु हे धया बिज्यागु खै । ल:व सा: दहेमन्त झायवनं सिमा गना वनेयो । उकिं बुद्धं थथेनं आज्ञा जुया बिज्यागु ज्वी– गिहीहि पब्बजितानं चतुपच्चयेहि उपट्ठापितब्बा अर्थात गृहस्थीतसें त्यागी प्रव्रजित पिन्त नयेगु, पुनेगु च्वनेगु व वास: आदि पदार्थ पुरे याना: सेवा याय्मा: । थ्व प्यंगू वस्तु पुरे जूथे विवेक बुद्धिपूर्वक त्याग शील जुया जीवन हने फ:सा जक निर्वाण प्राप्त ज्वी । लाभ जक इच्छायाना व आशा या: जुल धा:सा निर्वाण झन झन ता:पाना वनी । लाभ सत्कार धयागु आशा जक याना: दैगु मखु । थ: थगु ज्या बाँलाका: मत्ति भिंका: आचरण भिंका यंकल धाये वं अथें दैगु ख: । नुग: जक क्वाटा क्वाटा मुइका च्वना: दइगु पत्ति मखु । उकिं लाभ सत्कार व निर्वाणया लँपु छगू हे मखु । ■

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया वार्षिक भेलाया सूचं**

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया [illegible] क्व:गु वार्षिका भेला ज्वीत्यंगु दु । सकलें सदस्यपिं पायछि इलय् झायादी धयागु भलसा दु । अथेहे सदस्यता नवीकरण यानादीगु ज्या लुमंकादीतसें [illegible] याना । थुगुसी निसें आजीवन सदस्य नं यायेगु [illegible] दु । उकीया शुल्क थथे दु–

(१) साधारण सदस्यता शुल्क - रू. १५०/-

(२) आजीवन सदस्यता शुल्क - रू. १५००/-

- वार्षिक भेला ज्वीगु दिं :–
  वि.सं. २०६६ चैत्र १४ शनीबा:
- थाय् :– रत्न विपश्यना विहार, [illegible] ।
- ई :– सुथसिया ७ ता: इलय् निसें ।
- नां दुतिनेगु ई :– वि.सं. २०६६ चैत्र १० मंगलबा: तक ।
- *सम्पर्क व्यक्तिपिं :–*
  - इन्द्रावती गुरूमां, मोबाइल: ९८४[illegible]०२८
  - सुभद्रा स्थापित, फोन: ४२५९०५६
  - लोचन तारा तुलाधर, फोन: ४२[illegible]
- कार्यक्रमय् ब्वति क्यादीत ल्हाय् – रू. २००/-
- यातायात व्यवस्था थ: थ: पिंसं यानादी धयागु भलसा दु ।

सचिव- धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी



Downloaded from http://www.dhamma.digital

# नेल्सन लिसे मतिना यानागुया मू

■ कृष्णमान श्रेष्ठ

विश्व विजेता जुइगु म्हगस खंकाच्वंम्ह नेपोलियन बोनापार्टयात ट्राफलगरया युद्धय् बुकाबिउम्ह एडमिरल होरेथियो नेल्सन ख: । नेपोलियनमा दिवास्वप्न भंग याना: ब्रिटेनयात उगु युगया दकलय् त:धंगु नौसनिक शक्ति दयेकाबिउम्ह नेल्सनया जीवनय् यक्व हे उतार चढाव व:गु जुयाच्वन । वं थ:गु जीवनय् छम्ह ल्यासेयात तसकं क्वातुक मतिना या:मु ख: ।

वाइस एडमिरल नेल्सन इंगल्याण्डया महानतम नौसैनिक कमाण्डर मध्ये छम्ह ख: । वयागु व्यक्तित्व तसकं आकर्षक व प्रभावशाली खनेदु । नौसैनिक कर्मचारीतय्गु पुचलय् व तसकं लोकंह्वा: । युद्धय् वयागु ब्यूहरचना खनीबलय् शत्रु सेना हे दंग जुयाच्वनी । नेल्सनया कला:या नां फैबी ख: । सन् १७८७ ई. फैबीलिसे नेल्सनया धूमधामं ब्याहा जूगु ख: । फैबी छम्ह कुशल गृहणी ख: । थ:गु सुखमय त्यपू जीवनया न्यादँ त्व:ता: नेल्सनया अप्व: थें जीवन नौसैनिक जहाज लिसें तातापाक समुद्रय् वना: हे बिनावन । फैबी सदा: हे थ: भा:तप्रति बफादार जुया: च्वंच्वन ।

आकाभाकां नेल्सनं अब्ले सकसितं अजू चायेकाबिल, गब्ले वं इमा हेमिल्टन नांयाम्ह छम्ह ब्याहा जुयधुंकूम्ह मिसालिसे मतिना यायेगु शुरू यानाहल । इमाया भा:त विलियम हेमिल्टन थ स्वयां यक्व हे थजि । व नेल्सनया दरवारय् स्पेनया राजदूत ख: ।

सन् १७९८ य् नीलया नांजा:गु युद्धय् नेल्सनं नेपोलियनया सेनायात बुका: छगू मेगु अजू चायापुगु ज्या यानांक्यन । युद्धय् विजयमा श्रेय थम्हं कायेधका: नेल्सन नेपल्सय् वयाछ्वत, अले थ:गु जहाज मरम्मत याकेत छुं न्हि अन हे च्वन । थन वं हाकनं इमायात नापलाकल । इमां नं नेल्सनयात तसकं हे मतिना ब्वया लसकुस यात । थन नेल्सनयात सार्वजनिक अभिनन्दन नं या:गु ख: नेल्सनया दरवारय् नं वयागु भव्य लसकुस जुल । सकसिनं वयागु वीरता, साहस व उपलब्धियात कया: तसकं च्वछात । इमा थ: प्रेमियात अपायच्व: सम्मान या:गुलिं थुलि मख्ख जुल कि वं बँय् हे पला: मतल । खला नेल्सनं युद्धय् थ:गु जव ल्हा: छपा मदयेका वयधुंका:जवगु मिखां नं बालाक मछुइ धुंकल । अयन् इमां थ:त साथ विउगुलिं नेल्सन तसकं लय्ताल । इमाया नं नेल्सनप्रति रुचि कम जुइगु पलेसा झन अप्व: जुया वल । इमाप्रति नेल्सनया मतिना व आकर्षण थुलि च्वजाया वन कि वं निदँ तक नेपल्स त्व:ता: वनेगु खँ हे मल्हात । थ्व निदँ इपिं खुल्लमखुल्ला हे जुयाजुल । थुपिं निम्हेसिगु मतिना बय्बय जुयाच्वन । विलियम हेमिल्टन धा:सा थ्व दक्व खँ सियां नं विवश जुयाच्वंन ।

आ. नेल्सनं मतिनाया नशाय् चूर जुया: थ:गु ड्यूटी नं ल्व:मंकाहल । ड्यूटीया वास्ता मयासे वं त:धपिं हाकिमतय्त साप हे तंचायेकल । सन् १८०० लय् वयात लन्दनय् लित् स:तल । नेल्सनलिसे इमा व बया भा:त विलियम हेमिल्टन नं लन्दनय्वन । हेमिल्टनया नेल्सन खना: तसकं तं ब । इमां चाहिं इपिं निम्हेयिा दथुइ सम्झौता याकेगु असफल कुत: यानाच्वन । सन् १८०३ य् हेमिल्टन सित । वयां लिपा इमा व नेल्सनं बांला:गु छेँ छखा न्यात । थ्व छेँ इपिं सुखपूर्वक च्वंच्वन । इपिंलिसे इमि म्हयाय् होरेथिया नं दु । निदँ लिपा नेल्सनयात हाकनं ड्यूटीइ स:ताहल । लन्दनय् हे नेल्सनया जीवनय् यक्व हे उथलपुथल वल । जनतां वयात बिजेताया रूपय् ययेकाच्वंगु दुसा मेखे इमालिसेया वयागु मतिनाया कारणं धनीतय् व स्वये हे मय: । जुजुं नं वयात त:क्व हे ब्व: बिउगु ख: । तर उलिमछि जुलं नं इमायात मत्व:तू ।

आकाभाकां हाकनं युद्धया नगरा थानाहल । स्पेनिश बेडा ज्वना: नेपोलियन न्ह्या:वल । अले इंगलिश च्यानल तक थ्यंक: वनेगु कुत: यात । शुरू शुरुइ वयात गाक्क हे सफलता चूलात तर लिपा वना: व झन झन निराशा जुयावनेमाल । अंग्रेज सेनां स्वंगुलिं बन्दरगाहय् कडा निगरानी तयाहल । थुकिया लिच्व: कथं २९ अक्टुवर १८०५ य् अंग्रेज सेनापति नेल्सनं वयात बांमलाक हे बुकाबिल । ट्राफलगरया थुगु युद्धय् त्याका: नेल्सनं ब्रिटेनया फुइँ ला थकयाबिल तर वं थ:गु प्राणया बलिदान नं बिइमाल ।

नेल्सन सी धुंका. इमाया दु:खया 'दिन शुरू जुयावल । वं थ:गु ल्यंदुगु जीवन तसकं दु:ख सिया: बिकेमाल । सीत्ययेका: नेल्सनं ब्रिटेनया सम्राटयात इमायात पेन्सन बियाबिउ धका: इनाप या:गु ख:, तर थ्व खँयात अस्वीकार यानाबिल । सम्राट नेल्सनया कला: फैबी व वया किजायात ला दक्वं सरकारि सुविधा बियाबिल । तर इमायात धा:सा कानाकौ हे मबिउ । नेल्सन सिना: गुदँ लिपा गुगु इलय् इमा सिनावंगु ख:, उगु इलय् वं न्हिं छछा: नयेत तकं थाकुगु अवस्थाय् थ्यनेधुंकुगु ख । ■

*पञ्चशील [illegible] (थ: [illegible]) [illegible] (–सं.)*

*साभार– 'सन्ध्याटाइम्स्' २०६६ माघ २२ शुक्रवार*

# पूजापाठ गर्दैमा मात्रै धर्म हुँदैन

पोखरा, माघ २६ गते । युवा उमेरमै महायज्ञमा कथा वाचन गरेर सामाजिक कामका लागि सहयोग जुटाउन सक्रिय पोखराका २६ वर्ष युवा पण्डित कमलनयन गौतमलाई अचेल भ्याइ नभ्याई भएको छ । एउटा महायज्ञ सिद्धिन नपाउँदै अर्को महायज्ञ सुरु हुन्छ ।

सङ्गीतमय भजन र कथात्मक शैलीमा कर्णप्रिय स्वरलयमा महायज्ञमा भागवत वाचन गरेर बाटो, अस्पताल जस्ता सामाजिक कार्यका लागि धार्मिक जागरणमार्फत सामाजिक विकासमा जुटेका कमलनयनले चार वर्षको अवधिमा झण्डै ५० महायज्ञबाट रू. २५ करोड जुटाउनुभएको छ ।

पिता कृष्णप्रसाद गौतमले परम्परागत रूपमा गर्दै आएका रूद्री, पूजा, जन्मदेखि मृत्यु संस्कारका यजमानी धान्ने सुरमा रहेका कमलनयनले चार वर्ष अघि चार महिना लामो गणेश पुराण लगाएपछि काठमाडौंबाट गणेश मन्दिर बनाउन महायज्ञमा भागवत वाचन सुरू गर्नुभएको हो । "देशका विभिन्न ठाउँका अहिलेसम्म ५० महायज्ञमा करिब २५ करोड रूपियाँ सङ्कल भयो, विद्यालय, अस्पताल, घाट, बाटो जस्ता सामाजिक कामका लागि" सानै उमेरमा ठूलो भार बोकेको महसुस गरेको बताउँदै कमलनयनले भन्नुभयो ।

बुटवलको नयाँ गाउँमा दस जोड दुई र आश्रम बनाउन सबैभन्दा बढी सवा दुई करोड र पछि ७५ लाख रूपियाँ उठाउनुभएको उहाँले पोखरा शिवशक्ति मावि बनाउन पनि एक करोड ५१ लाख उठाउनुभयो ।

महायज्ञ लगाउन एक वर्ष अघि नै समय लिनुपर्छ । फुर्सदै हुन्न । अचेल औसत एउटा महायज्ञमा ५० लाख उठ्ने गरेको छ । धर्म, मोक्ष, काम, लोभ, मोहका बारे पुराणमा वर्णित रोचक प्रसङ्ग, कथा, दान दिएका र पुण्य मिल्ने प्रसङ्ग साथै सङ्गीतमय भजन सुनाएर उहाँ भक्तजनलाई मन्त्रमुग्ध पार्नुहुन्छ "भक्तलाई भुल्याउने, आनन्द तुल्याउने हो दान मान्छेले त्यसै गर्छ" महायज्ञमा पैसा सङ्कलन गर्ने आयोजकको मेहनतलाई आफूले टेवा दिने कमलनयनको भनाइ छ ।

सम्पूर्णानन्द विश्वविद्यालयबाट संस्कृतमा आचार्य गर्नुभएको कमलनयन दान दिन उत्साहित गर्ने भजन गाएर भक्तजनलाई नचाउनुहुन्छ र मन्त्रमुग्ध पार्नहुन्छ । दान गरौं, पुण्य गरौं, मुक्ति पाउनलाई । कृष्ण झुला गाइरहनु होला, फेरि फेरि पाइँदैन यो चोला जस्ता सर्वाधिक गाइने भजन र रोचक प्रसङ्गले महायज्ञमा रकम उठन मद्दत गर्ने उहाँको भनाई छ । "पूजापाठ गर्दैमा मात्रै धर्म हुँदैन, अर्काको हित गर्नु नै धर्म हो" कमलनयन धार्मिक आध्यात्मिक जागरणसँगै सामाजिक विकासका लागि काम गर्न सकेकोमा भने औधी प्रसन्न हुनुहुन्छ ।

सूचना प्रविधिको तीव्र विकाससँगै आधुनिकता अनुसरण गर्दै युवापुस्ता विदेशिने, नयाँ आविष्कार, अनुसन्धान र पढाइमा लागेका छन् । कति युवा लागू, औषधी, डिस्को र विकृति विसङ्गतिका सिकार भइरहेका छन । पोखरेली युवक भने प्राचीन धर्म संस्कृतिका कालजयी कृति पल्टाउँदै नयाँपुस्ता र आधुनिक समाजलाई धर्मका नाममा समाज विकास र धार्मिक जागरणको अभियानमा जुटिरहेका छन् ।

*(साभार- गोरखापत्र)*

# कस्तो अचम्मको हो यो मान्छे !

– गणेश माली

वचपनका दिन खेली बिताई
यौवनमा घरवार वसाली,
बुढेसकालमा पीडाले रोई
सवकुछ छोडी एकलै हिंड्छ ! (१)

हरघडी सुख-सुख भन्दा-भन्दै
दुःख सागर मै पौडी खेल्छ,
सुख शान्ति मिल्दैन तर कहीं
दुःख भुँमरीमै डुबी जान्छ ! (२)

जन्म लगतै आउँछ दुःख
तृष्णा, खाडल भरिँदैन कहिल्यै
जरा व्यक्ति मृत्यु पछि लागे पनि
हरपल सुख सुख जप्दै हिंड्छ ! (३)

हेर, त्यो बूढो, कुप्रो कंकाल
आँखा, कान, दाँत, केश विहीन
आसा पास गलामा बाँधी
हिंड्दैछ टुकुटुकु लट्ठी टेकी ! (४)

हेर विचरा त्यो अन्धो मान्छे
व्यस्त सडक बिच बजाई मादल
पैसा माग्दछ, विस्मृतिमा नै
भर जीवन गुजारी रहेछ ! (५)

त्यो भिखारी बाँच्दैछ किन हो
खुट्टा काठका नजिक फुकाली
उत्तानो परी चर्को घाममा
हात हल्लाई मागी रहेछ ! (६)

त्यो महासेठ घ्याम्पो जत्रो
पेटबोकी लडी रहेछ,
करोडौंको मालिक हो त्यो
अरवौंको तर आशा राख्छ ! (७)

भन्छन् दुई दिनको हो जीवन
रमझम तर काम छैन कहीं,
सकी-नसकी भारी बोकी
अन्धा सरी सब दौडी रहेछन् ! (८)

भन्छन् अनित्य हो जग सारा
व्यवहारमा तर नित्य सम्झी,
लुछा-चुँडी गर्दछ दुनियाँ,
दुःख अशान्ति छरी चौरतिर ! (९)

अनित्य-दुःख-अनात्म स्वभाव
जगको विर्सी निशदिन बस्दछ,
अभिमानी सुख कामी भैकन,
कस्तो अचम्मको हो यो मान्छे ! (१०)



Downloaded from http://www.dhamma.digital

# मांया मतिना

■ प्रेमलक्ष्मी तुलाधर

लुकुंविना वनेमते छ जिगु मिखां
न्हयाबलें च्वना च्वं जिगु नानीचाय्
तना वनेमते छ जिगु मनं
न्हयाबलें च्वना च्वं जिगु न्ह्योने
पिहाँ वनेमते छ जिगु हृदयनं
न्हयाबलें च्वना च्वं जिगु छाती
बिस्युं वनेमते छ जिगु भावनां
न्हयाबलें च्वना च्वं जिगु कविताय्
खनेमदया वनेमते छ जिगु आत्मां
न्हयाबलें च्वना च्वं जिगु म्हगसे
विलिन जुया वनेमते छ जिगु सलं
न्हयाबलें च्वना च्वं जिगु कथुई
गनंनं वने धायमते छ जिगु शरीरं
न्ह्याबलें च्वना च्वं जिगु किपालु लिसे ।

# खँगवःत

■ नविन चित्रकार

बाचकं, चकन्छि, बामना, छमना
खँग्व:त मनया आपालं वात
गुलिं जाहे मजायूकं गुलिं भय्भयचीक
बँय् हे बा: बा: वनी ।
भ्वाथ:गु मायां प्या:गु मिखां व्वनेत सनी
गा: मगा:या व जा: मजा:या हिसाब किताब
छगू अलापय्, मनया तृष्णा दं जीन्दगी थिके
इर्ष्या दं बुद्धि थिके ।
पाना पाना वनी आपालं न्हिं न्हिं खँग्व:त
स्वस्व खं खं कव:दई बिवेकया तुति
माया जालया पलाखय् हाकनं खँ वाई
म्वा:मदुग ज्यायख्यले मदुगु ।
वाचकं, चकन्छि, बामना, छमना
प्वा:गंगु मनय् अन वन थन वन मदयूक
गनला: गनला: ज्वीक हिइसे च्वनी प्वा: गंगुमनय्
बा:बा: ख्वविं वई करूणाया ।
भ्वाथ:गु मायां ख्वविधा: हुई
पालुया: ख्वविधा: भन थिनावई
हिसाब किताब थुगु जीन्दगीया
खँग्व:या रूपय् वाई ।

# शुभ-अशुभ

कुनै पनि कार्य गर्नुगराउनु अघि शुभसाइत हेर्नेहेर ाउने प्रचलन रहेको हाम्रो समाजमा शुभ र अशुभ शब्द लोकप्रिय छ । नेपाली शिक्षित समाजले पनि आजको युगमा पनि शुभ र अशुभलाई दैनिक रूपमा पछ्याइरहेको छ । प्रत्येक व्यक्ति, परिवार वा समाजले शुभ अथवा राम्रो नै चाहिरहेको हुन्छ, तर भाग्य भनौं वा के भनौं, मानिसले जानिनजानी अशुभलाई चयन गरिरहेको हुन्छ । कुनै काम शुद्ध, सही विचार र पवित्र मनले गरिन्छ भने त्यो शुभ नै हुन्छ । अशुद्ध, कुविचार तथा नकारात्मक सोचले कुनै कार्य गरिन्छ भने जस्तोसुकै शुभसाइतमा गरे पनि त्यसले नराम्रो नतिजा नै दिन्छ ।

एकजना किसान खेतमा काम गर्दै थिए । अचानक उसलाई सर्पले टोकेछ । केले टोकेछ भनी हेर्दा एउटा मुसा दगुर्दै गएको देखेछ । मुसाले टोकेको रहेछ भन्ने सोची आफ्नो काम गर्दै गए । उसलाई सर्पको विषले केही भएन । फेरि एक दिन त्यही किसानलाई मुसाले टोकेछ । केले टोकेछ भनी हेर्दा सर्प हिंडिरहेको देखेछ । मलाई सर्पले टोकेछ भनी उसले चिन्ता र पीर लिन थालेछ र त्यही चिन्ताले किसान मरेछ । पहिलोचोटि सर्पले टोक्दा बाँच्ने र पछि मुसाले टोक्दा मर्नुमा उसको सोचाइ नै कारक बनेको थियो ।

बाटोमा हिंड्दै गर्दा बिरालेले बाटा काटेमा, कतै जान लाग्दा माउसुली कराउँदा, पानी भर्ने रित्तो गाग्री सामुन्ने भेट्दा अशुभ मान्ने चलन छ । बिरालो आफ्नो बाटोमा हिंडिरहेको हुन्छ । माउसुली आफ्नो दिनचर्या अनुसार कराउने, पिसाब फेर्ने गर्छ । बिरालोले बाटो काट्दा, माउसुली कराउँदा तथा रित्तो गाग्री भेट्दा मानिसलाई अशुभ हुने कुनै वैज्ञानिक आधार छैन । ती सबै एक संयोगमात्र हो ।

कुनै संयोगलाई नकारात्मक सोचमा बदली त्यसबारे चिन्तनमनन गर्न पुगेमा ती नकारात्मक सोच मस्तिष्कमा छाप बस्छ । पछि ती नकारात्मक सोचबाट मुक्ति पाउन मुस्किल हुन्छ । गलत सोचाइका साथ केही कार्य गर्दा त्यसको परिणाम पनि अशुभ नै हुन्छ अनि दोष बिरालो, माउसुली, रित्ता गाग्री आदि पशु र निर्जीव बस्तुमाथि लगाइन्छ जबकि दोष आफू र आफ्नो नकारात्मक सोचाइको हो । शुभअशुभ सोचमा निर्भर रहने दुई गुणांग हुन् । सकारात्मक सोच शुभ हुन्छ भने नकारात्मक सोच अशुभ ।

■ वीरेन्द्र श्रेष्ट 'दिपंकर'

*(साभार- अन्नपूर्ण)*

# धर्मकीर्ति विहार — गतिविधि

*२०६६ माघ ९ गते, शनिवार ।*
*स्थान- धर्मकीर्ति विहार श्रीघः नःघः ।*
*प्रस्तुती– मिनरवती तुलाधर*

यसदिन प्रवचक मदनरत्न मानन्धरले **"अँगुत्तर निकाय"** एकक निपात अन्तरगतको अठारौं वर्ग अपर अच्छरा संघात वग्ग अर्थात् अर्को चुट्की बजाउने वर्ग विषयमा प्रवचन दिनुभएको थियो ।

प्रवचनको क्रममा उहाँले भन्नुभयो– "भगवान् बुद्धले भन्नुभएको छ, चुट्की बजाउञ्जेलको समयावधिको मात्रै मैत्री भावना गर्न सके पनि त्यतिञ्जेलको जीवन पनि हाम्रो लागि सार्थक नै हुनेछ । किनभने त्यतिञ्जेलको जीवन भएपनि समय धार्मिक पूर्वक बित्न सफल हुनेछ ।

ध्यान भावना गर्दा समथ र विपस्सना गरिन्छ । विपस्सना ध्यानमा सतिपट्ठान ४ प्रकारका छन् । (१) कायानुपस्सना (२) वेदनानुपस्सना (३) चित्तानुपस्सना र (४) धम्मानुपस्सना ।

शरीरलाई चित्तले बारम्बार हेर्नेलाई कायानुपस्सना भनिन्छ शरीरमा भएका ३२ बटा कोटठासलाई बारम्बार ज्ञानद्वारा हेर्नुपर्छ । चुट्कीभर मात्र हेर्न सकियो भने पनि जीवन सार्थक हुन्छ । लामो समय सम्म हेर्न सकियो भने त धेरै महत्त्वको फल प्राप्त हुनेछ । यसरी नै सुख, दुःख र उपेक्षा वेदनालाई भित्रीमनले हेर्न सक्नुलाई उपेक्षा वेदना भनिन्छ । आफ्नो चित्तमा उत्पन्न भइरहेका राम्रा र नराम्रा कल्पनाहरूलाई नियाली रहन सक्नुलाई चित्तानुपश्यना भनिन्छ । यसरी नै संसारको स्वभाव धर्म अनित्य दुःख र अनात्मलाई हेर्न सक्ने कार्यलाई धम्मानुपस्सना भनिन्छ ।

*२०६६ माघ २ गते, शनिवार ।*
*स्थान- धर्मकीर्ति विहार, श्रीघः नःघः*
*प्रसतुती– मिनरवती तुलाधर ।*

यसदिन प्रवचक श्यामलाल चित्रकारले **"संस्कार दुःख"** विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो–

साधारण मानिसले आफ्नो जीवन चलाउनको लागि कष्टपूर्वक दिनरात मेहनत गरेर कमाउँछ साथै शारीरिक र मानसिक दुःख भोग गर्दछ ।"

भगवान् बुद्धले दुई अति मार्ग सेवन नगर्नु भन्नुभएको छ– (१) भौतिक सुख सुविधा रूपी अय्यासी जीवनमा आशक्त हुने । (२) शरीरलाई दुःख कष्ट र यातना मात्र दिने कार्यमा भुल्ने ।

सिद्धार्थ गौतमले यी दुबै मार्गलाई त्यागी मध्यम मार्ग अपनाएपछि मात्र बुद्धत्व लाभ गर्न सफल हुनु भएको थियो ।

बुद्धत्त्व लाभ गर्नुभएपछि उहाँले प्रथम पटक धर्म चक्र प्रवर्तन गनुभई चार आर्य सत्यहरू विषयमा बताउनु भएको थियो । ती चार सत्यहरू मध्ये प्रथम सत्य ८ प्रकारका दुःख सत्यहरू यसरी प्रस्तुत गर्नुभएको थियो ।

(१) जन्म हुनु दुःख (२) बुढो हुन दुःख (३) रोग लाग्नु दुःख (४) मरण हुनुपर्ने दुःख (५) मन नपर्ने व्यक्तिसंग जीवन बिताउनु पर्ने दुःख (६)-मनपर्ने व्यक्तिसंग बिछोडहुनु पर्ने दुःख (७) इच्छा पूरा गर्न नसक्नु दुःख (८) संक्षिप्तमा भन्नुपर्दा पञ्चस्कध धारण गर्नुपरेसम्म दुःख नै हुन् ।

### धर्मकिर्ति शिक्षा सदनमा दान प्रदान

*२०६६ माघ १२ गते, मंगलवार, भिमा एकादशी ।*

पूज्य धम्मवती गुरूमाँको अध्यक्षतामा सञ्चालित खुसिबुँ नँयाबजार स्थित धर्मकीर्ति शिक्षा सदन स्कूलमा बिद्यालय व्यवस्थापन समितिका सदस्य साहु पञ्चवीर सिं तुलाधरज्यूकी धर्मपत्नी पुष्पदेबी तुलाधरज्यूको ६९ औं जन्मदिनको उपलक्ष्यमा विद्यालयका बालबालिकाहरूलाई पुष्पदेवी तुलाधरले कापी, कलम र अन्य उपहारहरू प्रदान गर्नु भएको समाचार छ । सो समारोहमा तुलाधर परिवारको तर्फबाट बिद्यालय व्यवस्थापन समितिका सदस्य शिक्षक र बालबालिकाहरूलाई जलपानको व्यवस्था गर्नुभई पूण्य सञ्चय गर्नुभएका थिए । कार्यक्रमको अन्त्यमा बिद्यालयका प्रिन्सिपल श्रीमती कीर्ति तुलाधरज्यूले पुष्पदेबी तुलाधरलाई खाडा ओढाएर उपहार प्रदान गर्नुका साथै उहाँहरूको सुस्वास्थ्य तथा दीर्घायुको कामना गरिएको थियो ।

### धर्मकीर्ति बसुन्धरा विहारय् बुद्धमूर्ति पलिस्था

*२०६६ माघ १२ गते, मंगलवार*
*प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर*

थुखुन्हु श्रद्धेय कुसुम गुरूमां पाखें धर्मकीर्ति वसुन्धरा विहारय् बुद्ध मूर्ति पलिस्था यासे धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन यात निमन्त्रणा याना विज्यास्य भजन



Downloaded from http://www.dhamma.digital

प्रस्तुत याका बिज्याःगु खः । थुगु ज्याझ्वले पूज्य धम्मवती गुरूमां पाखें बुद्ध पूजा ज्याझ्वः न्ह्याका बिज्याःगु खःसा कुसुम गुरूमांनं धर्मदेशना याना बिज्याःगु खः ।

बुद्ध पूजा ज्याझ्वःलिपा धम्मवती गुरूमां नं कुसुम गुरूमांयात खाडा गा क्वखायूकाः बिज्यातसा धर्मकीर्ति ज्ञानमाला भजनया लुमन्ति चिं कथं श्याममान वज्राचार्य, प्राणमाया वज्राचार्य पाखें कृतज्ञता सुभाय् पौ लः ल्हाना व्यूगु जुल ।

कुसुम गुरूमां पाखें धर्मकीर्ति ज्ञानमाला भजन यात रू.२०१५ दां चन्दा बियाबिज्याःगु दुसा भजन खलः या उपाध्यक्ष जुजुभाई लगायत अन्य न्याम्ह दुजःपिन्त यथा श्रद्धा दान यानाबिज्याःगु खः ।

## कामनलाग्ने कागजहरूबाट विभिन्न सामानहरू बनाउने तालिम सम्पन्न



*तालिममा सहभागी भएका प्रशिक्षार्थीहरूका साथमा प्रशिक्षक सरोज मानन्धर*

*२०६६ पौष १८ गते*
*स्थान- धर्मकीर्ति विहार, श्रीघः नःघः ।*

काम नलाग्ने कागजहरू बटुली तिनीहरुबाट विभिन्न रोचक सरसमानहरू बनाउने तालिम धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले सम्पन्न गरेको छ । सुश्री रामेश्वरीको संयोजकत्वमा, श्रीमती सरोज मानन्धरले प्रशिक्षण दिनुभएको यस कार्यक्रममा जम्मा २६ जना प्रशिक्षार्थीहरूले भाग लिनुभएका थिए । उक्त तालिममा सुश्री प्रतिमा मानन्धर र करुणा मानन्धरले आवश्यक सहयोग गर्नुभएका थिए ।

"खराब काममा लाग्ने, असल काममा नलाग्ने, सदर्थ छोडी प्रियवस्तु मात्र ग्रहण गर्ने व्यक्तिले आत्माको उन्नती गर्न माथि स्पृहा गर्दछ ।"
"प्रेमीको र अप्रेमीको दुर्वैकोसंगत नगर, प्रेमीलाई नदेख्दा र अप्रेमीलाई देख्दा दुःख हुन्छ ।"
"प्रिय वस्तुले शोक उत्पन्न गर्दछ, प्रिय वस्तुले भय उत्पन्न गराउँछ, प्रिय वस्तुबाट मुक्त हुनेलाई शोक हुँदैन । भय कहाँबाट आउँछ ?" – धम्मपद

# धर्म प्रचार — समाचार

## परियत्ति वक्तृत्त्वकला प्रतियोगिताको संक्षिप्त विवरण

*२०६६ पौष ११ गते*
*स्थान- बुद्ध विहार, धापाखेल*

परियत्ति शिक्षा सदन धापाखेलको तत्त्वावधानमा प्रथम परियत्ति वक्तृत्व कला प्रतियोगिता सम्पन्न गरिएको समाचार प्राप्त भएको छ । परियत्ति शिक्षासदन तथा धापाखेल बुद्ध विहार धापाखेलका संस्थापक सल्लाहकार श्री विष्णु रत्न शाक्यको सभापतित्त्वमा सम्पन्न उक्त सभामा केन्द्रिय सह परियत्ति परीक्षा नियन्त्रक श्रद्धेय निग्रोध भन्तेले परियत्ति शिक्षासदन धापाखेलबाट परियत्ति परिक्षामा उत्तिर्ण विद्यार्थीहरूलाई पुरस्कार वितरण गर्नु भएको थियो ।

वक्तृत्त्वकलामा प्रथम हुने सुवर्ण छत्रपुर विहार लुभुबाट प्रतिनिधित्त्व गर्नु हुने सुश्री सबिना महर्जन ज्युलाई प्रमुख अतिथी तथा पुरस्कार दाता ल.उ.म.न.पा का भू.पु. मेहर श्री बेखारत्न शाक्यज्यूले पुरस्कार प्रदान गर्नुभएको थियो ।

कार्यक्रमको अन्त्यमा सभाका सभापतिज्यूले प्रतियोगिताका सहभागी सबै बिद्यार्थीहरूलाई सान्त्वना पुरस्कार प्रदान गर्नुहुँदै परियत्ति शिक्षा संचालनार्थ योगदान पुऱ्याउनु हुने महानुभाव लगायत प्रतियोगिता कार्यक्रम सफल पार्न सहयोग पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरूलाई धन्यवाद व्यक्त गर्नुभएको थियो ।

## २५५४ औं आयु संस्कार परित्याग दिवस

*२०६६ माघ १६ गते, शनिवार ।*
*नगदेश बुद्ध विहार, थिमी ।*

(१) नगदेश बौद्ध समूह र बौद्ध ल्यायम्ह पुच: नगदेशको संयुक्त आयोजनामा भगवान बुद्धको २५५४ औं आयु संस्कार परित्याग दिवस कार्यक्रम सम्पन्न गरिएको समाचार छ । प्राप्त समाचार अनुसार उक्त कार्यक्रममा श्रामणेर वप्पले पञ्चशील र अष्टशील प्रार्थना गराउनु भई बुद्ध पूजा कार्यक्रम संचालन गरिएको थियो ।

शान्ति नायक गौतम बुद्धले आयु संस्कार परित्याग गर्नुभएको दिनको रूपमा गुणानुस्मरण गरी २५५४ औं आयु संस्कार परित्याग दिवस कार्यक्रम संचालन गरिएको थियो । नगदेश बौद्ध समूहका अध्यक्ष न्हुच्छे कुमार सिंकेमनको अध्यक्षतामा संचालित उक्त कार्यक्रममा शिव भक्त मेजुले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने कार्यक्रमका प्रमुख अतिथि सानुभाई डंगोलले भगवान बुद्धको आयु संस्कार परित्याग कार्यबाट हामीले पनि प्रेरणा लिनुपर्ने कुरामा जोड दिनुभएको थियो । यही क्रममा उपासक कृष्ण कुमार प्रजापतिले आयु संस्कार परित्याग दिवस किन मनाउनु परेको हो भन्ने विषयमा मन्तव्य व्यक्त गर्नु भएको थियो ।

मन्तव्यको क्रममा उहाँले भन्नुभयो– "बौद्ध जगतमा माघ पूर्णिमा (सिपुन्ही) को महत्व हुनुको तात्पर्य भन्नु नै भगवान् बुद्धले आजभन्दा २५५४ वर्ष अघि यही शुभ दिनमा आफ्नो बाकी आयु परित्याग गर्ने वैशालीको चापाल चैत्यमा घोषणा गर्नुभएको थियो भने यहि दिनमा "चतुरंग सन्निपात" को घटना भएको थियो । त्यति मात्र होइन यही शुभदिनमा भगवान् बुद्धले भिक्षुहरु सारी पुत्र र मौद्गल्यान महास्थविरलाई बुद्ध शासनिक क्षेत्रमा "अग्रश्रावक र महाश्रावक" पदवी दिई धम्म सेनापति घोषणा गरी भगवान बुद्धको दायाँबायाँ विराजमान गराउनु भएको ऐतिहासिक प्रमाण पालि साहित्य र इतिहासमा लिपिबद्ध गरिएको पाइन्छ । तसर्थ सारीपुत्र महास्थविरलाई "अनुबुद्ध" भनी उल्लेख गरिएको पाइन्छ ।

उक्तकार्यक्रममा उपासकहरू धर्म रत्न शाक्यले पनि आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो भने उपासक रामभक्त हाँयुजुले धन्यवाद मन्तव्य व्यक्त गर्नुभएको थियो ।

*२०६६ माघ १६ गते, शनिवार*
*स्थान- मुनी विहार, भक्तपुर*

(२) सिद्धार्थ गौतम बुद्धले आजको तीन महिना पछि महापरिनिर्वाण हुनेछु भनी घोषणा गर्नुभएको दिन सम्झी मुनि विहारमा बुद्धपूजा र प्रवचन गरी आयु संस्कार परित्याग दिवस सम्पन्न भयो । मैत्रय युवा संघ, युवा बौद्ध पुच: र मुनि विहारको संयुक्त प्रयासमा भएको यस कार्यक्रममा मुनि विहार केन्द्रका परिक्षार्थीहरूद्वारा भिक्षुसंघलाई भोजन प्रदान गर्ने पूण्यकार्य पनि सम्पन्न भयो । यस बुद्धपूजा कार्यक्रममा भिक्षु थानसेट्ठो महास्थविरले धर्मोपदेश गर्नुभयो भने भिक्षु आनन्दले आयु संस्कार परित्याग दिवस सम्बन्धमा चर्चा गर्नु भयो । युवा बौद्ध पुच:का धर्मरत्न शाक्यले सञ्चालन गर्नुभएको यस कार्यक्रममा मैत्रय युवा संघका तिर्थराज वज्राचार्यले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।



Downloaded from http://www.dhamma.digital

## मैत्री बोधिसत्त्व विहारमा बुद्धपूजा र धर्मदेशना

*२०६६ माघ ९ गते, शनिवार*
*स्थान- मैत्री बोधिसत्त्व महाविहार, जमल*

यसदिन धर्मकीर्ति ज्ञानमाला भजन समूहबाट ज्ञानमाला भजन प्रस्तुत गरिएको थियो। भजन प्रस्तुती पछि पूज्य धम्मवती गुरूमांले पञ्चशील प्रार्थना गराउनु भई बुद्धपूजा कार्यक्रम संचालन गर्नुभएको थियो । त्यसपछि उहाँले धर्मदेशना गर्नुभएको थियो । यसदिन कार्यक्रममा उपस्थित हुनुभएका सम्पूर्ण सहभागीहरूलाई धर्मकीर्ति मिजंपुच: को तर्फबाट जलपानको व्यवस्था मिलाउनु भई पूण्य सञ्चय गर्नुभएको थियो ।

## दिनभर महापरित्राण पाठ सम्पन्न

*२०६६ माघ १४ गते, विहीबार*
*स्थान- विश्व शान्तिविहार, मीन भवन नयाँ बानेश्वर*

भिक्षु यसधम्मो ७७ औं वर्ष पूर्ण भएको उपलक्ष्यमा उपनन्दा गुरूमां लगायत विष्णुमाया अवाले, लक्ष्मी अवाले, र रत्नमाया अवाले सपरिवारको तर्फबात महापरित्राण पाठ कार्यक्रमको आयोजना गरिएको थियो। उक्त कार्यक्रमा माघ १४ गते विश्वशान्ति विहारमा भिक्षु महासंघको तर्फबाट दिनभर महापरित्राण पाठ सम्पन्न गरिएको थियो । उक्त कार्यक्रमा निमन्त्रित भिक्षु संघ एवं भिक्षुणी गुरूमां संघलाई आयोजक परिवारको तर्फबाट जलपान भोजनको व्यवस्था गर्नुभई यथा श्रद्धा दान प्रदान गर्नु भएको थियो । यसरी नै कार्यक्रममा उपस्थित हुनुभएका सबै उपासकोपासिकाहरूलाई पनि जलपान र भोजनको व्यवस्था मिलाइएको थियो ।

## दान गरेको आँखा सफल प्रत्यारोपण

मध्यपुर थिमि नगर-५, त्वागा:टोल निबासी नगदेश बुद्ध विहारका श्रद्धालु उपासक "तुईसिं दुवाल" आफ्नो कालगतिले गत २०६६ माघ २० (ने.सं. ११३० सिल्लागा-५) बुद्धबार राती ११.५५ बजेतिर अस्पताल तर्फ लाँदा लाँदै बाटैमा ७० वर्षको उमेमा देहावसान भएकोले भोलीपल्ट बिहान ८.०० बजेतिर पशुपति आर्यघाटमा शोकाकूल परिवारजनको सहमतिमा तिलगंगा आँखा प्रतिष्ठानलाई दुईटै आँखा दान गरियो ।

तिलगंगा आँखा प्रतिष्ठानका चिकित्सकहरूको सहयोग र सद्भावमा दान गरेका आँखा मध्ये एउटा आँखा काठमाण्डौ महानगरपालिका बत्तिसपुतली निबासी ४२ बर्षीय "शाक्य" थरकी प्रौढ पहिलालाई प्रत्यारोपण गरिएको कुरा बुझिएको छ भने अर्को आँखा ललितपुर जिल्ला, "लेले" गा. वि.स. निबासी ३२ वर्षका "तामाङ्ग" जातिका युवकलाई सफल प्रत्यारोपण गरेको बुझिएको छ । नगदेश बौद्ध समूहले उक्त चिकित्सक एवं प्रतिष्ठानप्रति हार्दिक आभारका साथ कृतज्ञता जाहेर गरी मृतक दुवालको सद्गति र निर्बाणको कामना गर्दै शोकाकूल परिवारजनले दु:खद घडीमा धैर्य धारण गर्न सकोस् भनी कामना समेत गरिएको छ । *समाचार संकलन- नगदेश बौद्ध समूह, थिमी*

## भिक्षु राष्ट्रपाल दिवंगत हुनुभयो

भिक्षु राष्ट्रपाल ८४ वर्षको उमेरमा दिवंगत हुनुभएको समाचार छ । प्राप्त समाचार अनुसार बनेपास्थित सुदर्शन विहारमा रहँदै आउनुभएका उहाँ भन्ते २०६६ फाल्गुण ३ गते सोमवारका दिन दिवंगत हुनुभएको थियो। भोलिपल्ट फाल्गुण ४ गते भिक्षुमहासंघको तर्फबाट परित्राण पाठ गरी अन्त्येष्टी गरिएको कुरा बुझिएको छ ।

## नेपाल राष्ट्रिय ज्ञानमाला समितिया साधारण सभा

नेपाल राष्ट्रिय ज्ञानमाला समितिया साधारण सभा मकवानपुर जिल्लाया हैटौंडाय् क्वचा:गु बुखँ दु। समितिया नाय: प्रा. सुवर्ण शाक्यया नाय:सुई क्वचा:गु उगु सभाय् सभाया मू पाहाँ महारत्न बज्राचार्यज्यू बोधिमत च्याका: सभा उलेज्या याना दिलसा समितिया धर्मानुशासक भिक्षु अश्वघोष महास्थविर पाखें न्हयागु ज्या नं चित्त शुद्ध याना: यात धा:सा जक सफल ज्वी धासे साधारण सभा सफलताया लागि कामना याना बिज्या:गु ख: ।

सल्लाहकार प्रमुख शान्त रत्न शाक्यं लसकुस यासे न्हया:गु उगु ज्याइवले महासचिव अमीरमान शाक्य पाखें वार्षिक प्रतिवेदन व दाँ भरी शान्त कुमार चित्रकारं आर्थिक प्रतिवेदन न्हयब्वयादीगु ख: । उगु प्रतिवेदनयातन कया: थीथी खल: संघया प्रतिनिधि पाखें न्हयस: तलसा न्हयस:या लिस: महासचिव अमीरमान शाक्य व कोषाध्यक्ष शान्तकुमार चित्रकार पाखें बियादिल ।

न्ह्यस: लिस: लिपा वार्षिक प्रतिवेदन व आर्थिक प्रतिवेदन सर्व सम्मतिं पारित यात । उगु ज्याइवले मुक्कं १८ गू खल: संघ संस्थां व्बति का:गु ख:सा थीथी झिगू खल:पाखें थ:पिनिगु प्रतिवेदन न्हयब्वसे थीथी सुझावत नं बियादिल ।

ज्याइवले समितिया उपमहासचिव हेमराज शाक्य पाखें सुभाय् देछानादिल । ज्याइव: न्ह्यो हेटौंडा ज्ञानमाला भजन खल: व हेटौंडाया हे प्रज्ञा ज्ञानमाला भजन खल: पाखें भजन न्हयाकूगु ख: । थुगु सभाया संचालन बरिष्ठ उपाध्यक्ष किरण कुमार जोशीं यानादीगु ख: ।

## धर्मकीर्ति विहारको लागि विभिन्न अफिसियल सामानहरू चन्दा स्वरूप सहयोग

*२०६६ माघ १५ गते, शुक्रवार*

धर्मकीर्ति विहारको अफिसियल कार्यको लागि सहयोगार्थ Ullens Education Foundation का President शोम पनेरूज्यूले Samsung Laser Scx-4521 F all in one office Printer एक थान धम्मवती गुरुमांलाई हस्तान्तरण गर्नुभएको छ।

यसरी नै मिति २०६६/११/६ का दिन न्यू ताम्राकार हाउसका धनी प्रकाशरत्न ताम्राकारज्यूले धर्मकीर्ति विहारलाई Fan Lier FT - 6105 Professional Tripot एक थान पनि अफिसियल कार्यको सहयोगार्थ प्रदान गर्नुभएको छ।

दाताद्वयहरूलाई धर्मकीर्ति विहार परिवारले आयु आरोग्य, निरोगी एवं सफल जीवनको कामना गरेको छ।

## धम्मवती गुरुमांको नेतृत्त्वमा थाइलैण्ड र वर्मामा तीर्थयात्रा

धम्मवती गुरुमांको नेतृत्त्वमा लगभग ३० जनाको टोलीले वर्मा र थाइलैण्डमा तीर्थयात्रा गर्ने हेतुले मिति २०६६ माघ २७ गते नेपालबाट प्रस्थान गरिएको छ।

## धर्मकीर्ति गतिविधि बज्रयान सम्बन्धी पूजाविधि

*२०६६ माघ २३ गते*

*प्रवक्ता- फणिन्द्ररत्न वज्राचार्य*

*प्रस्तुती- राजभाई तुलाधर*

यसदिन फणिन्द्ररत्न वज्राचार्यले बज्रयान सम्वन्धी विभिन्न पूजाविधि बारे व्याख्या गर्दै भन्नुभयो–

तेस्रो बौद्ध संगायनापछि महासांधिकहरूको समूहबाट महायानको उदय भयो र त्उपछि वज्रयानको पनि विस्तारै शुरूवात भयो। वज्रयानमा विभिन्न मन्त्र, तन्त्र, जप आदिको साधनाबाट यसै जीवनमा पूर्ण आनन्द प्राप्त गर्ने उद्देश्य राखिएको हुन्छ। यसमा गर्ने विभिन्न पूजाहरूले प्रतिकात्मक रूपमा शुन्यतालाई दर्शाइरहेको हुन्छ। कुनै-कुनै पूजामा मानव खप्परलाई समेत पात्रको रूपमा प्रयोग गरिएको हुन्छ जसको मतलव हाम्रो शरीर विस्तारै शुन्यमा पुग्नेछ भन्ने चेतना जगाउनलाई हो। वज्रयानमा पूजाको तह साधारण देखि विशिष्ट तहसम्मको हुन्छ। साधारण पूजा जसलाई बाह्य पूजा भनिन्छ त्यो सबैले हर्नसक्छ तर विशिष्ट पूजा चाहिं निश्चित योग्यता भएकाहरूले मात्रै हेर्न सक्छन्। विशिष्ट पूजालाई भित्री पूजाको रूपमा लिइएको हुन्छ। न्हेकं (मन्त्र दीक्षा), देखा लिएकाहरू यसमा सहभागी हुनसक्छन्। पूजाको तह हेरी घण्टा, डमरू, पैंता बाजासम्म पनि प्रयोग गरिन्छ। वज्रयानमा च:च: पाठको विशेष महत्व हुन्छ। यो पाठमा विभिन्न देवी-देवताहरूको चर्याको वर्णन गरिएको हुन्छ। सुरतवज्र, मञ्जुवज्र (जामन: गुभाजु) आदि वज्रयानी गुरुजुहरूले च:च:बाट धेरै सिद्धिहरू प्राप्त गरेको कुरा कथाहरूमा उल्लेख भएको पाइन्छ। वज्रयान समन्वयवादी धर्म हो। यसले विना भेदभाव सबैं देवी देवताहरूको समान रूपमा पूजा सम्मान गर्छ। हिन्दु धर्मका देवी देवताहरू पनि सबै पुजिन्छन्।

वज्रयानी परम्परा विस्तारै लोपोन्मुख हुँदैछ। अहिलेको समयमा वज्रयानी गुरुजुहरूले पूजा, कर्मकाण्ड आदि गरेर मात्र जीविकोपार्जन गर्न नसक्ने भएकोले उहाँहरू अरू पेशाहरूमा लाग्नु पर्ने भयो जसको कारण वज्रयानको विस्तारै ऱ्हास हुँदैछ। काठमाडौं उपत्यकामा वज्रयानका अनुयायीहरू मुख्य रूपमा उदास, शाक्य र वज्राचार्यहरू नै हुन्। अस्तित्वमा आइसकेको आफ्नो संस्कार र संस्कृतीलाई बचाई राख्न सके हाम्रो आफ्नो छुट्टै पहिचान कायम रहिरहन सक्छ कि।

## न्यू नेपाल प्रेसबाट धर्मकीर्ति पत्रिकालाई चन्दा सहयोग

न्यू नेपाल प्रेसबाट धर्मकीर्ति पत्रिकाको उत्तरोत्तर प्रगतीको कामना गरी रु. ७,८००/– सश्रद्धा चन्दा प्रदान गरिएको छ। दाता प्रेस परिवारको आयुआरोग्य एवं उन्नती अभिवृद्धि कामना गरी धर्मकीर्ति पत्रिका परिवारले साधुवाद व्यक्त गरिएको छ।

मुद्रक: न्यू नेपाल प्रेस प्रधान कार्यालय: १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं, नेपाल। फोन: ४४३४८५०, ४४३४७५३, फ्याक्स: (९७७-१) ४४३३९२९
व्यापारिक कार्यालय: शुक्रपथ, काठमाडौं। फोन: ४२५१०३२, ४२५१४५०, फ्याक्स: (९७७-१) ४२५८६७८

Downloaded from http://www.dhamma.digital